CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचारिका

साहित्यिक

पूर्णाङ्क ११।०३८ कार्त्तिक-पौष मूल्य २।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुताङ्क [illegible]।०३८) सम्म मात्र म्याद भएका

सदस्य ग्राहकहरू

काठमाडौंमा

श्री कन्या क्याम्पस र श्री कन्या हाई स्कूल लैनचौर, श्री कान्ती इश्वरी राज लक्ष्मी हाई स्कूल प्याकल, श्री भानु माध्यामिक विद्यालय रानीपोखरी, सुश्री मेनुका कटवाल डिल्ली बजार, श्री नेपाल आदर्श विद्यालय गणवहाल, श्री फणिन्द्र राज खेताला चावहिल, श्री युवक माध्यामिक विद्यालय पकनाजोल, श्री शान्ति विद्यागृह हाई स्कूल लैनचौर, श्री शान्ति निकुञ्ज मा. वि. भगवतीवारी टोल।

पोखरामा

श्री खेलेन्द्रमान बुद्धाचार्य, श्री गणेश बहादुर श्रेष्ठ, श्री विन्देश्वरी सप्लायर्स, श्री विजयानन्द वज्राचार्य, श्री भेषरत्न शाक्य, श्री रेशमलाल श्रेष्ठ, श्री शयन्द्र श्रेष्ठ।

श्री ५ महाराजाधिराज सरकारको

३७ औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफ सरकारको
सुख सुस्वास्थ्य तथा दीर्घायुको निमित्त
भक्तिपूर्वक हार्दिक शुभकामना उक्त्याउँछौं।

नेपाल बैंक लिमिटेड

ग्राम — नेपालक्ष्मी । काठमाडौं नेपाल

श्री ५ महाराजाधिराज सरकारको

३७ औं शुभ जन्मोत्सवको सुखद उपलक्ष्यमा मौसुफ सरकारको
सुख, सुस्वास्थ्य तथा दीर्घायुको लागि हार्दिक शुभकामना
चढाउँदै यस पुनित अवसरमा देशमा उद्यमशीलताको
विकास र विस्तार गर्न सबैलाई प्रेरणा
मिलोस् भन्ने कामना राख्दछ।

औद्योगिक सेवा केन्द्र परिवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेम्सो

सम्पादक एवं प्रकाशक- उद्धव सुवेदी
सम्पादन कार्यालय- -विशालनगर काठमाडौं।

वर्ष ३] २०३८ कात्तिक-पौष (१९८१-अक्टोबर-डिसेम्बर) [अङ्क ३

कविता

फणीन्द्र राज खेतान मलाई माया लाग्छ ५
अरूणा वैद्य आँसु १८
अविरल जय पत्रकार ३४

कथा

अरूणकुमार आचार्य यस्तो पनि हुन्छ ३०

विशेष लेख

मदन प्रसाद आचार्य बैंक सम्बन्धि कानून र··· ६

नाटक समालोचना

कृष्ण गौतम बहुलाकाजीको सपनाभित्र··· २०

अन्य स्तम्भ

हाम्रो पृष्ठ··· ··· ···
रमाइलो चौतारी— (टीपन टापन- सम, दीप, श्रेष्ठ कार्की र ढकाल) २८
बाल : संसार (बाल कथा— शाम्बराज पाण्डेय) ३६

सल्लाहकारहरु व्यवस्थापक संरक्षकहरु
श्री कालिका प्रसाद अर्याल व्यवस्थापन समिति श्री कालिका प्र. शर्मा
श्री सुशील कुमार ढुङ्गेल श्री सुधा सुवेदी
श्री विजयमणि दीक्षित श्री केदार प्र. रिजाल
पत्र व्यवहारः— पो. व. नं. ३०१८ जि. पि. ओ. काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो पृष्ठ

चैपचि किन यस्तो ? कसबाट ??

"ब्रम्हले देखेका कुरा हाम्रा साहित्यकारले कलमले पोखि दिउन्"

-स्व. श्री ५ महेन्द्र

तर आज नेपालको कुनै पनि पक्षको परकांरिता अपेक्ष कृत रुपमा सवल तथा प्रभावकारी रुपमा देख। पन नसक्नुका मूल कारण श्री ५ को सरकारको यस दिशा तर्फ रहेको नकारात्मक दृष्टिकोण र व्यवहार नै हो। किनभने आज विद्यमान थापा सरकारले लागु गरेको प्रकाशन स्वतन्त्रताको पूर्ण निरुपण र अधिक नाकावन्दी दुई प्रवल हतियारको रुपमा रहेका छन्। जसवाट आज मुलुकको चौथो अङ्गको रुपमा रहेको देशको चेतन स्नायु जन्य पत्रकारिता पक्षलाई निर्घात मार पर्न गई पङ्गु बन्न पुगेको छ। जसले गर्दा मुलुक स्वयम नै अपाङ्ग सिद्ध भएको महसुस चेतनशील एवं बौद्धिक समुदायले गरका छन्। आज यति सम्मको दुस्साहसपूर्ण कृत्य र व्यवहार रचन कसवाट आड भरोस र सहयोग मिल्यो र यस्तो आड भरोस र सहयोग कसैले जेल सम्म मिलिरहने हो हामी अज्ञात छौं।

सा. प्र. सं. कार्य समितिको निर्वाचन

दुई चरणमा (मार्ग २७ र ४ पौष २०३८) गरी हालै सम्पन्न भएको कार्य समितिको (२३८-०४० को लागि) निर्वाचनमा सभापति, उप-सभापति, महा सचिव, सचिव र कोषाध्यक्षमा क्रमशः श्री अच्युतरमण अधिकारी, श्री हरि अधिकारी, श्री केदार न्यौपाने, श्री हेमन्त श्रेष्ठ र श्री पद्मावती सिंह निर्वाचित हुनुभएको छ। त्यस्तै सदस्यहरूमा श्री माधवर सिंह वस्नेत, श्री प्रल्हाद आचार्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री एकमणि नेपाल, श्री दिनेश सत्याल निर्वाचित हुनुभएको छ त्यस्तै बाँकी दुई सदस्यहरूमा श्री विश्व विमोहन श्रेष्ठ र श्री ध्रुव सापकोटा मनोनित हुनुभएको छ। उहाँहरूको सफलताको लागि बधाइ दिदै साहित्यिक पत्रकार संघको पवित्र उद्देश्य परिपूर्ति र अपेक्षाकृत उपलब्धिहरुको अभियानमा नव निर्वाचित कार्य समितिलाई सफलता मिलोस् भन्ने दमना हार्दिक शुभकामना राख्दछ।

हार्दिक बधाइ तथा शुभकामना

यस वर्ष [२०३८ (१९८१)] साहित्य संगीत र कला क्षेत्रबाट सम्मानित एवं विभूषित हुनुहुने विशिष्ट प्रतिभाहरू— श्री रमेश विकल— म० प्र० पु०- २०३८ , श्री अम्बर गुरूङ्ग— इ० रा० ले० प्र० पु० २०३८ र श्री वत्सगोपाल वैद्य- एशियन आर्ट कम्पिटिशन गोल्ड मेडल- १९८१ (बङ्गलादेश आर्ट एकेडमीको आयोजनाबाट प्रदर्शित एशियन आर्ट एक्सहिविशन- १९८१बाट) लाई दमना हार्दिक बधाइ तथा शुभकामना प्रकट गदछ।

शा. ने. च. चि. सं. लाई सुझाव

विभिन्न पत्र-पत्रिकाहरूमा समसामयिक रूपमा केही साना अगाडि देखि सुझावको याचना प्रकट गर्ने शाही नेपाल चित्र संस्थानलाई निम्न लिखित सुझावहरूको कार्यान्वयन पक्षले निकै प्रभावकारीता, लोकप्रियता र आर्थिक सम्पन्नता तिर डोऱ्याउने कुरामा हामी विश्वास राख्दछौं।

१) वर्षमा कम्तिमा एउटा कथानक चलचित्रको निर्माण र प्रदर्शन गर्नुपर्ने।

२) निजि क्षेत्रका चलचित्र निर्माताहरूलाई पनि नेपाली कथानक चलचित्र निर्माण गर्ने गराउने कार्यमा आवश्यक सहयोग, सल्लाह र प्रोत्साहन दिने।

३) चलचित्र निर्माणको विषयक्षेत्र सामाजिक, ऐतिहासिक, धार्मिक आदि मध्ये एक हुनुपर्ने।

४) चलचित्र निर्माणको मुख्यउद्देश्य -सर्वसाधारण जनताको नैतिक तथा चारित्रिक पक्षको विकासमा सधाउ पुग्ने गरी मनो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रञ्जन प्रधान हुनुपर्ने ।

५) जनघनत्व र विकास तत्वहरूको आधारमा प्रत्येक जिल्लामा ३ देखि ५ सम्म चलचित्र भवनहरूको निर्माण गर्ने गराउने ।

६) विभिन्न हलहरूमा एकैपटक एकै वा विभिन्न नेपाली चलचित्रहरूको प्रदर्शन नियमित रुपमा गर्ने गराउने परंपरा बसाल्ने साथै सम्भव भएसम्म हिन्दी तथा अन्य भाषाहरूमा पनि भाषानुवाद गरी विदेशमा पनि चलाउन सकेमा सोही नेपाली चलचित्र धरै राम्रो हुनेछ ।

७) वर्षमा कम्तीमा २ पटक राष्ट्रिय फिल्म महोत्सवको आयोजना गर्ने गराउने । यसरी आयोजना गर्दा कहिले रङ्गशाला रुपमा र कहिले क्षेत्रिय रुपमा पनि गर्नु पर्दछ ।

८) निजि क्षेत्रका चलचित्र निर्माताहरूबाट निर्माण तथा प्रदर्शन गरी आर्जन भएको खुद मुनाफाबाट बढीमा २५% सम्म रोयल्टी उठाउन सकिने व्यवस्था गर्ने ।

९) स्थानीय तथा अधिराज्यबाट प्रकाशित हुने कुनैपनि विषयको पत्र-पत्रिकाहरूलाई आर्थिक सहयोग स्वरूप सिनेमा-फोटो-ब्लक वितरण गरी निस्पक्ष रुपमा विज्ञापन बन्दा वितरण गर्ने गराउने पवित्र परंपरा बसाल्ने ।

१०) यस संस्थानको मुख्य उद्देश्य— मुलुकमा विद्यमान विदेशी (हिन्दी) चलचित्रको बढ्दो बजारलाई नियन्त्रण गर्ने र आफ्नो मौलिक सभ्यता र संस्कृतिको प्रतीक नेपाली समाजको चित्र उतारी नेपाली चलचित्रहरूको विकास र विस्तार गर्ने हुनुपर्छ ।

अन्त्यमा

आजको यस पुष्पगुच्छा (११ थुङ्गाको) द्वारा विगत र वर्तमान अवधि भित्रका हाम्रा ~~समस्त व्यक्तिहरु~~ (स्व. महाकवि श्री देवकोटा, स्व. श्री म० वी० वि० शाह, श्री ५ महाराजाधिराज सरकार, श्री ५ बडामहारानी सरकार अनि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह आदि) प्रति यथोचित हार्दिक कृतज्ञतापूर्ण श्रद्धाञ्जो र अभिनन्दन तथा शुभकामना अर्पण गर्नु दमना आफ्नो समसामयिक कर्तव्य बोध गर्दछ । अस्तु

पूर्णाङ्क ११/०३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलाई माया लाग्छ !

[– फणीन्द्रराज खेत्राला]

जब नयाँ र नौलो विचार अनायासै आई
अतीतसँग बाजी–जुझी चटचाङ पार्छ
त्यसबेला मानसमा ठेसलागी सुसुप्त भावना ब्यूझन्छ
अनि मलाई सबैको माया लाग्छ ।

माया लाग्छ त्यतिबेला, जब वर्तमान सिथिल बन्छ,
वातारण घिनलाग्दो र आक्रोसमय बन्छ,
अनि जब अगाडि कसैले अपर्याप्त घाँस राखि दिएको देख्छु
किन हो किन मलाई दातामाथि माया लाग्छ ।

माया पलाउने मेरो मुटु पुरानै हो, नयाँ त अवस्था मात्रै
दया मागी कसैले, 'जी हजुर' मा हात माडछ
मसान–वैराग्यको आडमा जब कुनै पुराण-पण्डित बन्छ,
अनि मलाई संसारैसंग माया लाग्छ ।

कसैले सिकाउनु पर्दैन माया गर्न,
परिस्थिति र करले ल्याउँछ माया,
जिस्की जिस्की आउँछ माया आफै पनि
अनि आफू जस्तै अर्कोलाई तान्छ कसैले भेडो बनाई
त्यो बेला, हो ! त्यो बेला मलाई मायाले कुत्कुत्याउँछ ।

रुखबाट झरेर कुहिएको फल जस्तै,
जवानी झरेर कुहिएको मानव–कायाले—
जब आफूलाई निस्काम सेवामा लाएको देख्छु
त्यतिबेला मेरो मानसमा माया पलाउँछ ।

तान्छ मलाई अँकुशे हाली मायाले
अतीतका तीता-मीठा सपना या तन्द्रामा,
आफूलाई आफैमा संगेटी, कुहिएको अङ्ग हेर्छु त्यो बेला
जब मलाई अरू कसैले माया गर्न लाग्छ ।

पूर्णाङ्क ११/०३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(हुन ता यो विशुद्ध साहित्यिक पत्रिका हो । तापनि बैंक तथा वित्तिय शास्त्रसित सम्बन्धित विद्यार्थीहरुको हितलाई ध्यनमा राखि यो लेख प्रकाशन गरिएको छ र पछि पनि सहयोग मिले सम्म यस्ता लेखहरु प्रकाशन गर्दै रहने नै छौं ।—सं)

बैंक सम्बन्धी कानून र त्यसको व्यवहारिक पक्ष

[— मदनप्रसाद आचार्य]

कुनै व्यक्ति, समाज वा राष्ट्रले आफ्नो उद्देश्य प्राप्तिका लागि पथ प्रदर्शकको रूपमा काम गर्ने माध्यमको नाम नै सही कानून हो । जसरी कुनै खास स्थानमा पुग्नको लागि वाटोको आवश्यक हुन्छ त्यसरी नै खास उद्देश्य प्राप्तिको लागि कानूनको सहारा आवश्यक हुन्छ । यसैले आजको समाज वा राष्ट्रले आफ्नो सामाजिक, धार्मिक, राजनैतिक वा अन्य कुनै पनि क्षेत्रमा उन्नति गर्ने उद्देश्य राख्दा उक्त उद्देश्य हासिल गर्न सर्वप्रथम कानूनको तर्जुमा गरेको पाइन्छ । हुन त आजभोलि कानून भन्ने शब्दले ऐन निर्देशका पुस्तकहरू अदालतनिर गइरहेका झगडियाहरू वा मुद्दा छिन्ने न्यायधिशहरु नै सर्वसाधारण व्यक्तिको आँखा अगाडि दृष्टिगौचर गराउँछ र यो स्वाभाविक पनि हो । तर आजको युगमा देखिने कानून सम्बन्धी पुस्तकहरू वा मुद्दा छिन्ने न्याय-लयको न्यायाधिशहरुको व्यवस्था हुनुभन्दा धेरै पहिलेको युगमा पनि कानून थियो, न्यायधिशहरू थिए र लिखित रूपमा नभए पनि त्यस वेलाको समाजले स्वीकार गरेको ऐन नियम जस्ता खास नीति तथा आचरणहरू थिए, हुन सक्छ आजको रूपमा देखा परेको भन्दा फरक होस् । यसरी फरक परेका कुराहरूलाई गहिरिएर विचार गर्ने हो भने, आजकै समाजले पनि ऐन नियमको रूपमा कतिपय धार्मिक परम्परा, नीति तथा आचरण सम्बन्धी परिपाटी र न्यायधिशको रूपमा टोल छिमेकका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रबुद्ध व्यक्तिहरूले भनेका कुराहरू भनी गरिएबाट प्रष्ट हुन्छ। यस प्रकारको अवलम्बनले ऐन नियमको भन्दा कम महत्व राखेको छैन। यसबाट यो प्रष्ट हुन्छ की हरेक व्यक्ति, समाज र राष्ट्रले हर क्षेत्रमा कानूनको महत्व राख्दछ र राख्नु आवश्यक हुन्छ, चाहे त्यो लिखित वा अलिखित, व्यक्त वा अव्यक्त जुनसुकै रूपमा किन नहोस् ?

जसरी व्यक्ति तथा समाजको विकास गर्ने अभिप्रायले हरेक राष्ट्रले समयानुसार समाज सुहाउँदो विभिन्न विषय सम्बन्धी ऐन नियमको व्यवस्था गरेको हुन्छ, त्यसरी नै कुनै खास उद्देश्य प्राप्तिको लागि खडा गरिने संस्थाको लागि पनि संस्था स्थापना हुनु भन्दा पहिले नै उक्त संस्थाको उल्लेख गरी ऐन नियमको तर्जुमा गरेको पाइन्छ। यसरी ऐनको तर्जुमा गरिएबाट कुनै खास संस्थाले आफ्नो उद्देश्य प्राप्तिको लागि गर्नुपर्ने अधिकार तथा कर्तव्यको बोध हुन गई एकातिर संस्थाको दैनिक कार्य सम्पादनमा सजिलो पर्न जान्छ भने अर्कोतिर सर्वसाधारण जनता समेत उक्त संस्थाको स्थापनाबाट आफू अनभिज्ञ हुनु नपर्ने भई यसबाट सक्दो फाईदा उठाउन सक्षम हुन्छ। यही दृष्टिकोण राखी हाम्रो देशमा पनि विभिन्न बैंक तथा वित्तीय संस्थाहरू खास ऐनको तर्जुमा गरी स्थापना गरिएका छन्।

हाम्रो देशमा हाल विद्यमान बैंकहरूमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक छन् जसको स्थापना क्रमशः नेपाल राष्ट्र बैंक ऐन, २०१२, वाणिज्य बैंक ऐन, २०३१, र कृषि विकास बैंक ऐन, २०४८, अन्तर्गत भएका हुन्। उपरोक्त बैंकहरूले आफ्नो कार्य सम्पादन गर्दा तत्सम्बन्धी ऐनले व्यवस्था गरेको परिधि भित्र रहेर मात्र गर्नु पर्ने हुन्छ। तापनि ऐनमा अत्यावश्यक देखिएका विषयहरूको मात्र व्यवस्था हुने हुँदा अन्य गौण कुराहरूको व्यवस्था सम्बन्धित ऐनले दिएको अधिकारको आधारमा बनेका नियम, विनियम, म्यानूयल आदि समेतको अधिनमा रही सम्बन्धित बैंकहरूले आफ्नो काम कारवाई गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्ने हुन्छ। यति भए पनि नभई ऐन अन्तर्गत स्थापना भएका उपरोक्त बैंकहरू कानूनी दृष्टिकोणमा एक व्यक्ति सरह मानिने हुँदा साधारण व्यक्तिले देशमा लागू भएको विभिन्न ऐन नियमको पालना गरे झैं यी बैंकहरूले पनि त्यस्ता ऐन नियमहरूको पालना गर्नु परम कर्तव्य हुन्छ।

देशको केन्द्रीय बैंकको रूपमा रहेको नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकको रूपमा रहेको राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको कार्य क्षेत्रको दृष्टिकोणले विचार गर्दा अन्य ऐन नियमसंग भन्दा पनि खास गरी त्यस्ता बैंकको सम्बन्धित ऐन तथा सो ऐन अन्तर्गत बनेका नियमहरू एक अर्कोसंग ज्यादै सम्बन्धित हुन आउँछन्। यसै गरी यी बैंकहरूले **विदेशी विनिमय** (नियमित गर्ने) **ऐन २०१९, विनिमय अधिकार पत्र ऐन ०३४** र सो को ऐन अन्तर्गत बनेका वा बन्ने नियमहरु प्रति बढी सजग र सचेत भई काम गर्नु पर्ने हुन्छ।

उपरोक्त दृष्टिकोणका आधारमा सम्बन्धित बैंक ऐन, नियम तथा बैंकिंग व्यवसाय संग घनिष्ट सम्बन्ध राख्ने अन्य ऐन तथा नियमको व्यवहारिक पक्ष तर्फ ध्यान दिंदा देहायको ऐन तथा निर्मले गरेको मोटामोटी व्यवस्थाको चर्चा गर्नु बढी उपयुक्त देखिन्छ।

नेपाल राष्ट्र बैंक ऐन २०१२:– सर्वसाधाण जनताको सुविधा र आर्थिक हित कायम राख्ने, नेपाली नोट निष्काशनको सुप्रबन्ध गर्ने, अधिराज्यभर नेपाली मुद्रा चलन चल्तीमा ल्याउन सुव्यवस्था मिलाउने तथा नेपाली मुद्रा विनिमय दरमा स्थिरता कायम राख्ने, विकाशको निमित्त पूंजीलाई गतिशील बनाई राज्यको उद्योग धन्दालाई समेत् प्रोत्साहन दिने र नेपालमा बैंक प्रथाको विकास गराउने आदि उद्देश्य राखी देशको केन्द्रीय बैंकको रूपमा 'नेपाल राष्ट्र बैंक' को स्थापना **नेपाल राष्ट्र बैंक ऐन २०१२** अन्तर्गत भएको हो।

नोट निष्काशन गर्नु, बैंकको विषयमा श्री ५ को सरकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारोवार गर्नु, पूंजीको परिचालन र राष्ट्र ऋणको व्यवस्था गर्नु, विदेशी विनिमयको कारोवार तथा उक्त विषयमा श्री ५ को सरकारलाई राय सल्लाह दिनु, बैंकिंग प्रथाको विकाश र कर्जा नियन्त्रण गर्नु, ब्याज दरको निर्धारण गर्नु, वाणिज्य बैंक वा कृषि कर्जा वा औद्योगिक कर्जा दिने बैंक वा वित्तीय संस्थालाई कर्जा वा पुनर्कर्जा दिनु, त्यसको रेखदेख, निर्देशन तथा सुपरिवेक्षण गर्नु, वाणिज्य बैंक वा वित्तीय संस्था उपर नियन्त्रण गर्नु, श्री ५ को सरकारलाई आर्थिक तथा मौद्रिक विषयमा राय सल्लाह दिनु र देशको आर्थिक स्थितिको बोध गर्न कृषि तथा उद्योगको सर्वेक्षण, मूल्यांकन र विश्लेषण गरी आवश्यक तथ्यांक वा विवरणको संकलन गर्नु आदि केन्द्रीय बैंकले गर्ने काम हरू नेपालमा राष्ट्र बैंकले गर्न सक्ने अधिकार ऐनद्वारा नै प्रष्ट गरिएको छ तर यसरी ऐनद्वारा पाएको अधिकारको प्रयोग गर्दा बैंकमा काम गर्ने उच्च पदाधिकारी देखि लिएर निम्न स्तरीय कर्मचारी सम्मले पनि ऐनमा व्यवस्था भएको कर्तव्य तथा विभिन्न प्रक्रिया माथि ध्यान पुऱ्याउनु पर्छ। जस्तो- नोट निष्काशन गर्दा आवश्यक सुरक्षण राख्नु, जम्मा भएको रकमले खाने सम्म मात्र श्री ५ को सरकारको आदेशानुसार मात्र भुक्तानी दिनु, राष्ट्र ऋण ऐन २०१७ मा व्यवस्था भए बमोजिम मात्र राष्ट्र ऋणको कारोवार गर्नु, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ अनुसार मात्र विदेशी विनिमय सम्बन्धि व्यवस्था र कारोवार गर्नु र बैंक तथा वित्तीय संस्थालाई कर्जा वा पुनर्कर्जा प्रदान गर्दा श्री ५ का सरकार वा विदेशी सरकार वा विदेशी बैंक वा अन्तर्राष्ट्रिय संस्थाको सेक्यूरिटी वा प्रमिसरी नोट वा मुद्रा, वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो ग्राहकलाई दिएको पूर्ण सुरक्षित कर्जाहरू, विनिमय पत्रहरू र अचल सम्पत्तिहरू जस्ता धितो वा सुरक्षण वा जमानत लिएर मात्र कर्जा वा पुनर्कर्जा दिनु आदि ने संक्षेपमा भन्ने हो भने नेपाल राष्ट्र बैंकमा कामकाज गर्ने सम्बन्धित् अधिकृत तथा कर्मचारीहरू ऐन प्रति सजग र सचेत हुनु हो । कथंकदाचित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐनले व्यवस्था गरेको भन्दा बढी काम कुरा भएर घाटा वा नोक्सान वा बैंकको प्रतिष्ठामा आघात पर्न गएमा त्यसको जिम्मेवारी सम्बन्धित कर्मचारी नै हुनु पर्ने र त्यसबाट पर्न आएको क्षतिपूर्ति वा सजायंको भागी पनि कर्मचारी ठहरिने हुन आउँछ ।

माथि उल्लेख भएबमोजिम नियम बनाउने व्यवस्था ऐनमा नै हुने हुँदा राष्ट्र बैंकले नियमको व्यवस्था गरेको छ जुन देहाय बमोजिम हाल प्रचलनमा छन्—

(क) नेपाल राष्ट्र बैंक (नोट सट्टा भर्ना) नियम, २०१३
(ख) नेपाल राष्ट्र बैंक (झुत्रो नोट धुल्याउने) नियमहरू २०१८
(ग) नेपाल राष्ट्र बैंक (नगद सम्बन्धि) नियमहरू, २०१८
(घ) नेपाल राष्ट्र बैंक (कर्मचारी) नियमावली, २०१५
(ङ) नेपाल राष्ट्र बैंक सामान्य नियमहरू: २०२४
(च) उधार नियन्त्रण नियमहरू २०२३
(छ) नगद मौज्दात नियमहरू २०२३
(ज) नेपाल राष्ट्र बैंक,(बैंक कागजात धुल्याउने)नियमहरू २०२६

नेपाल राष्ट्र बैंकको मुख्य काम नोटनिष्काशन गर्नु भएकोले झुत्रा वा पुराना, च्यातिएको वा पोलिएको नोटहरू कुन प्रकारले भुक्तानी दिन् पर्छ वा कसरी सट्टा भर्ना गर्नु पर्छ भन्ने विषयमा काम काज गर्ने कर्मचारीलाई प्रष्ट जानकारी दिलाउन नियमले नै व्यवस्था गरेको छ । यसैगरी नगदमा कामकाज गर्ने कर्मचारीको लागि नगदको कारोवार गर्दा के कति दायित्व बहन गर्नु पर्छ भन्ने विषय, बैंकको संचालक-गभर्नर तथा डेपुटी गभर्नर जस्ता उच्च पदाधिकारीको अख्तियारी र बैंकको छाप चलाउने व्यवस्था, बैंकमा विभिन्न प्रकारका कागजातको महत्व र आवश्यकताको विचार गरी त्यसको धुल्याउन गर्ने समयावधि, बैंकमा कामकाज गर्ने अधिकृत तथा कर्मचारीको सेवा शर्त, पदोन्नति, निवृत्त भरण, उपदान, आचरण र अनुशासन, सजायं आदिको विस्तृत व्यवस्था माथि उल्लेखित नियममा गरिएका छन् । यी नियमहरूको कानूनी स्थितिको सम्बन्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जसरी ऐनको प्रतिकूल कामकाज गर्नाले सम्बन्धित कर्मचारी वा व्यक्ति नै जवाफदेही हुनुपर्छ र त्यसको असर निज स्वयंले नै व्यहोर्नु पर्ने हुन्छ। त्यसरी नै नियम विपरीत कामकाज गर्नाले पनि हुन आउँछ। अर्थात कानूनी दृष्टिकोणमा ऐन वा ऐन अन्तर्गत् बनेको नियममा कुनै फरक रहदैन।

कर्मचारीको हितलाई दृष्टिगत गरी नेपाल राष्ट्र बैंकले उपरोक्त नियमहरूको अतिरिक्त संचालक समितिले औषधी सुविधा, कर्मचारी सापटी सुविधा, कल्याणकारी कोष, कर्मचारी सञ्चय कोष व्यवस्था, दैनिक, भ्रमण तथा तालीम भत्ता आदि विभिन्न विषयमा समेत प्रष्ट नियमहरू बनाएको छ। साथै बैंकको आन्तरिक कामकाज सुचारू रुपले सचालन गर्न खर्च प्रणाली, बैंकिंग म्यानूयल, लेखा संहिता जस्ता विषयहरूको समेत व्यवस्था गरेको छ।

वाणिज्य बैंक ऐन २०३१ :

नेपाल बैंक लिमिटेडको स्थापना नेपाल बैंक कानून १९९४ अन्तर्गत भई वाणिज्य बैंकको रुपमा एकाधिकार प्राप्त गरी कामकाज गर्दै आएको हो। जब **वाणिज्य बैंक ऐन** २०२० जारी गरियो तब देखि उक्त कानून खारेज गरी नेपाल बैंक लिमिटेडले यसै ऐन अन्तर्गत रही आफ्नो काम कारवाई संचालन गर्न लाग्यो। यसै गरी राष्ट्रिय वाणिज्य बैंकको स्थापना पनि राष्ट्रिय वाणिज्य बैंक ऐन- २०२१ अन्तर्गत भएको हो। यस प्रकार दुई बेग्ला बेग्लै ऐन अन्तर्गत नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक चलिरहेकै अवस्थामा **वाणिज्य बैंक ऐन**- २०३१ जारी भए पछि ती दुवै बैंकहरु यसै ऐन अन्तरर्गत रही संचालन भई आएका हुन्।

सर्वसाधारण जनताको आर्थिक हित र सुविधा कायम राख्नु, उद्योग व्यापार र वाणिज्यलाई ऋण सुलभ गराउनु तथा देश र जनतालाई बैंकिंग सेवा उपलब्ध गराउनु नै वाणिज्य बैंकको मुख्य उद्देश्य पूरा गर्नु नै प्रमुख कर्तव्य मानिएको छ।

विभिन्न व्यक्ति तथा संघ संस्थाले राख्न त्याएको निक्षेप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वीकार गर्नु, बैंकको ऋण असूल उपर हुन सक्ने गरी सुनचाँदी वा अन्य माल वस्तु धितो लिई कर्जा दिनु, विनिमय पत्र, प्रतिज्ञा-पत्र, चेक वा हुण्डी जारी गर्नु वा स्वीकार गर्नु, प्रतिज्ञापत्र, ड्राफ्ट, ट्रेभल्स चेक निष्काशन गर्नु, राष्ट्र बैंकको एजेन्ट भई श्री ५ को सरकारको बैंकिंग कारोबार गर्नु जस्ता वाणिज्य बैंकले गर्ने परम्परागत काम कारवाहीको व्यवस्था ऐनमा नै प्रष्ट गरिएको छ। तापनि वाणिज्य बैंकको भूमिका मुनाफा बढाउने तर्फ मात्र नहोस् र देशको आजको माग अनुसार आर्थिक विकासमा समेत सहभागी बन्न सकोस् भन्ने मनसायले कृषि, घरेलु उद्योग, सिचाई विद्युत्त शक्ति उत्पादन, हायर पर्चेज तथा सेवा व्यवसाय आदिमा छोटो अवधि तथा लामा अवधिको लागि श्री ५ को सरकारले निर्धारित गरेको नीत नेपाल राष्ट्र बैंकले समय समयमा तोकेको व्याज दर र निर्देशनको अधिनमा रही धितो वा जवानी लिई लगानी गर्ने व्यवस्था २०३३ को संशोधनमा उक्त ऐनमा गरि-एको छ। खास गरी वाणिज्य बैंकहरुको कृयाकलाप देशको आर्थिक तथा बौद्धिक क्षेत्रसंग सम्बन्धित हुने हुँदा उक्त विष-यमा समयानुसार अपनाउनु पर्ने नीति तथा नियमहरु राष्ट्र बैंकले नै निर्धारण गर्ने भएकोले ती बैंकहरुले राष्ट्र बैंकको निर्देशन तथा निर्णय बमोजिम काम गर्नु पर्ने बाध्यता ऐनद्वारा नै व्य-वस्था गरिएको छ।

देशमा विद्यमान विभिन्न प्रकारका बैंकहरु मध्ये बढी जन-सम्पर्क हुने बैंक वाणिज्य बैंक नै भएकोले यस बैंकमा काम गर्ने उच्च अधिकृत लगायत सम्पूर्ण कर्मचारीले ऐन नियम प्रति बढी निग्रानी राख्नु आवश्यक हुन्छ। यस्ता बैंकका कर्म-चारीले आफनो बैंक सम्बन्धी ऐन नियमको मात्र ख्याल नगरी अन्य प्रचलित ऐन नियमको समेत जानकारी राखी काम गर्नु पर्छ।

एनमा गर्न नसकिएका वा गर्न नमिल्ने विषयहरुको लागि वाणिज्य बैंक ऐन २०३१ को दफा ५१ ले साधा-रण सभाको कार्यविधि प्रदान गरेको छ जस अनुसार संचालक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समिति र साधारण सभाको कार्यविधी संचालन वा कर्मचारी-लाई अख्तियार सुम्पने, बैंकमा कर्मचारीको नियुक्ति वढुवा, सरुवा वर्खास्त, तलव भत्ता, उपदान, निवृत्तिभरण, विदा, आचरण अनुशासन, सेवा शर्तहरु बैंक तर्फवाट गरिने करार सम्वन्धी शर्तहरु बैंकको छाप चलाउने कार्यविधी, बैंकको हर हिसाव तथा लाभ हानीको खाता राख्ने ढांचा र बैंकले ऐन अन्तर्गत गर्नुपर्ने काम काजको सुब्यवस्था आदि पर्दछन् ।

उपरोक्त नियमहरुको तर्जुमा गर्ने अधिकार वाणिज्य बैंकहरु-लाई छ, तापनि हाल राष्ट्रिय वाणिज्य बैंकमा "कर्मचारी नियमावली २०२३" मात्र ऐन अन्तर्गत वनेको देखिन्छ । यस देखि वाहेक आन्तरिक काम कार्वाहीलाई सुब्यवस्थित गर्न संचालक समितिले २०३२ मा म्यानूयलको तर्जुमा गरेको पाईन्छ । यसैगरी नेपाल बैंक लिमिटेडमा पनि ऐन अन्तर्गत वनेको नियमहरूमा कर्मचारी नियमावली २०३० र नेपाल बैंक लिमिटेड नियमावली २०३२ को मात्र तर्जुमा भएको पाइन्छ ।

विनिमय अधिकार-पत्र ऐन- २०३८

नेपालमा बैंकिंग व्यवसायको सुत्रपात कानूनी रूपमा वि. सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भएपछि मात्र भएको हो भन्नुमा कुनै अत्युक्ति नहोला । यसरी संस्था-गत रूपमा खडा भएको यस बैंकले देशको आन्तरिक ऐन नियममको परिधिभित्र मात्र सिमित नभई अन्तर्राष्ट्रिय ऐन नियम तथा प्रचलन लाई समेत अगाली आफ्नो काम कारवाई गर्दै आएको हो । वैंकिंग कारोवार संग ज्यादै आवश्यक देखिएको विनिमय अधिकार ऐन, जस्तो कुरापनि हाम्रो देशमा अभावको रूपमा छंदाछंदै पनि ऊक्त बैंकले अन्तर्राष्ट्रिय प्रचलन र सिद्धान्तको सहारा लिई सुचारू रूपले आफ्नो व्यवसाय गर्दै आएको तथ्य प्रष्ट नै छ । हुन त विनिमय अधिकारपत्र ऐन देशको आन्तरिक ऐन जस्तो विभिन्न देशमा फरक फरक हुनु हुँदैन । सिद्धान्त त यो ऐन सबै देशमा प्रायः समान नै हुन्छन् र हुनु पनि पर्दछ । खासगरी अन्तर्राष्ट्रिय जगतमा वैंकहरूले चेक, ड्राफ्ट, हुण्डी, प्रतिज्ञा-पत्र जस्ता कागजहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारोवार एक देशले अर्को देशको वैंक संग गरिरहनु पर्ने भएको-ले पनि यस प्रकारको ऐन स्वभावैले समान हुने गर्छन् यही दृष्टि-कोण राखेर उक्त ऐनको तर्जुमा भई "विनिमय्य अधिकार पत्र ऐन- २०३४" को नामले आज हाम्रो सामु देखा परेको छ।

वैंकको दैनिक कारोवार प्रचलन र सिद्धान्त मै आधारित थियो भनेर माथि उल्लेख भइसकेकोछ तापनि विभिन्न वैंकले अपनाएको प्रचलन केही मात्रामा फरक पर्न जाने र त्यस सम्वन्धमा ऐन नियम समेत नभएकोले कारोवारवाट उत्पन्न मुद्दा मामिलाको किनारा गर्न अदालतलाई समेत कठिनाई उत्पन्न हुने अवस्था हाम्रो देशमा थियो। विनिमय पत्र, प्रतित पत्र, ड्राफट, प्रतिज्ञापत्र, आदि वैंकिङ्ग कारोवारमा प्रयोग हुने कागजात र सो सम्वन्धि लवजको परिभाषा र त्यसको कारोवारमा के कस्तो कानूनी आधार छ भन्ने विषयमा सर्वसाधारण व्यक्ति समेत प्रायः अनभिज्ञ नै थिए।

विनिमय अधिकार पत्र ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मिति देखि प्रारम्भ हुनेछ भन्ने व्यवस्था भएवाट आज सम्म उक्त ऐन लागू भएको छैन। ऐनमा नौटरी पब्लीक (?) सम्वन्धी र अन्य नियम वनाउने व्यवस्था समेत भएकोले ऐन लागु हुनासाथ उक्त विषयहरू आवश्यक पर्न जाने हुंदा ती कुराहरूको तर्जुमा भइरहेछ र निकट भविश्यमा नै उक्त ऐन लागु हुने सूचना प्रकाशित हुनेछ भन्ने आशा गरिन्छ।

विनिमय अधिकार-पत्र ऐनमा माथि उल्लेख भएका बैंकिङ्ग कारोवारमा प्रयोग हुने कागजात सम्बन्धी लवज र सोको परिभाषा गरिनुका साथै ग्राहक र बैंक बीच हुने हक र दायित्व-जस्ता कागजातहरूको हस्तान्तरण, दरपीठ, दरपीठको प्रकार, विनि-मय-पत्रको प्रस्तुतीकरण, प्रस्तुतीकरणको समयावधि, बिनिमय पत्रको धारकलाई वैंकको कारोवारवाट भएको गल्तीले दिनुपर्ने क्षतिपूर्ति, विनिमय अधिकार पत्रको अनादरको सूचना दिने तरीका र प्रणाली, चेकको प्रकार आदि सम्पूर्ण कुराको व्यवस्था गरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एको छ। यसरी ऐनमा नै प्रष्ट रूपले व्यवस्था भएकोले यो ऐन लागू भएपछि दुवै पक्ष अर्थात बैंक र ग्राहक बीच हुने कारोवारमा कानूनी दायित्व सृजना भएको छ। कुनै पनि पक्ष-यस ऐन विपरीत काम कुरा भएमा वा ऐनले गर्नुपर्ने काम कुरा नगरेमा कानूनी व्यवस्था प्रतिकूल हुन गई मुद्दाको रुप खडा हुन जान्छ र सम्वन्धित अदालतद्वारा विषयवस्तुको निराकरण हुन्छ। यो ऐन प्रारम्भ भएपछि खासगरी बैंकमा काम गर्ने कर्मचारीहरूको लागि एउटा अविछिन्न रुपको औंजार जस्तो हुन आउँछ। यो ऐनले एक अर्थमा, परेका कठिनाईहरूका समाधान गरेको छ भने अर्को अर्थमा बैंकका कर्मचारी माथि उत्तिकै दायित्व तथा जिम्मेवार वहन गर्न लगाएको छ।

बैंकमा कामकाज गर्ने कर्मचारीले सम्वन्धित बैंकको ऐन तथा नियमको अतिरिक्त देशमा लागु भइरहेको अन्य सेवा तथा नियममा भएको व्यवस्थालाई ध्यान पुऱ्याई काम गर्नुपर्ने वाध्यता झइ नै रहन्छ तापनि विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९, राष्ट्र ऋण ऐन २०१७, र सो अन्तर्गत बनेका नियम, सूचना, परिपत्र आदिमा व्यवस्था भएका विषयहरू प्रति ध्यान पुऱ्याई खास रूपले पालना गर्नुपर्छ।

यसरी माथि चर्चा गरिएका ऐन नियमको परिधि भित्र रही कुनै पनि बैंकले आफनो सुविधा र आवश्यकता अनुसार कामको वाँडफाँड गर्न विभिन्न विभाग, शाखा, उपशाखा विभाजन गरी अधिकार तथा कर्तव्य सुम्पीएको पाउंछौं। यस्ता विभाग, शाखा, तथा उप-शाखाका कर्मचारीले गर्ने विभिन्न कामहरू मध्ये कुनै न कुनै देहायमा काम कारवाही पर्न आउंछन्।

१) निक्षेप सम्वन्धी।
२) चेक ड्राफ्ट, हुण्डी, प्रतिज्ञा-पत्र, विनिमय-पत्र जस्ता कुराको कारोवार सम्वन्धी।
३) सुन, चाँदी वा अन्य वस्तु धितो लिई वा जमानत सुरक्षण लिई व्यक्ति वा संस्थालाई कर्जा वा पुनर्कर्जा दिने सम्वन्धी।
४) विदेशी विनिमय सम्वन्धी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५) आवश्यकता अनुसार भवन, माल वस्तु खरीद गर्न वा बनाउन लगाउने र त्यसको मर्मत संहार गर्ने जस्ता काम कुरा सम्बन्धी ।

६) कर्मचारी नियुक्ति, सरूवा बढुवा, बर्खास्त र कर्मचारी सुविधा र संगठन सम्बन्धी ।

७) आवश्यकता अनुसार विभिन्न क्षेत्रको अनुसन्धान, सर्भेक्षण, विश्लेषण गरी लगत तथ्याँक वा विवरण राख्ने, संकलन गर्ने, प्रकाशित गर्ने र सम्बन्धित पदाधिकारी वा निकायमा पेश गर्ने सम्बन्धी ।

वास्तविक अर्थमा बैंकिंग कार्य क्षेत्रमा उत्रिदा कानूनको व्यवहारिक पक्ष प्रति ध्यानाकर्षण गर्ने हो भने, उपरोक्त कामहरू बैंक सम्बन्धी ऐन नियम, म्यानूयल परिपत्र सूचना उपर सदा सचेत र सजग भई काम गर्दा गर्दै पनि आवश्यक पर्ने अन्य प्रचलित ऐन नियम सूचना तथा कानूनी सिद्धान्तसंग मेल खाने प्रक्रिया अपनाई कागजात तथा लेखापढी गर्नु नै सही अर्थमा कानूनको व्यवहारिक पक्ष प्रति सचेत भएको मान्नु हो । उदाहरणको लागि बैंकले सम्बन्धित व्यक्तिसँग कर्जा वा पुनर्कर्जा-को तमसुक गराई कारोवार गर्दा उक्त काम सम्पादन गर्ने कर्म-चारीहरूले प्रचलित कानून अनुसार कर्जा, कर्जा लिने व्यक्तिको तीन पुस्ते, निजको औंठाको छाप, दस्तखत, ब्याजको दर, ऋण चुक्ता गर्ने समयावधि, साक्षी र दृष्टिबन्धकी वा राजीनामाको तम-सुक गराउँदा बन्धकी वा सुक्री विक्री भएको मालको मोल, त्यसको सम्पूर्ण विवरण उल्लेख गरी कागजात तयार गर्नुपर्ने हुन्छ । साथै रजिष्ट्रेसन गर्नु नपर्ने छूट भएमा बाहेक, कागजात भएको छः महिना भित्र सम्बन्धित कार्यालयमा गई रजिष्ट्रेशन गराउनु पर्ने र समय भित्र ऋण असुल उपर नभएमा ऐनको म्याद भित्र अदाल-तमा फिराद गरी कर्जा लिने व्यक्तिसँग असूल उपर गर्नु पर्ने समेत हुन्छ ।

भवन निर्माण, मर्मत र माल वस्तु वा सेवा आदि खरीद गर्दा वा सो सम्बन्धी संझौता गर्दा यस कार्यमा संलग्न कर्मचारीले संझौताको लिखतमा काम पुरा समयावधि, रकम, क्षतिपूर्तिको व्य-वस्था, झगडा उत्पन्न भएमा मध्यस्थता गर्ने व्यक्ति, गर्नु पर्ने काम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराको पूर्ण विवरण र दुई पक्षले स्वीकार गरेका अन्य कुराहरू समेत उल्लेख गरी कागजात तयार गर्नु पर्छ र संझौता बमोजिम काम नभएमा विपक्षी उपर फिराद गरी असुल उपर गर्नको लागि करार ऐन-२०२३ विशेष रूपले याद गर्नु पर्ने हुन आउँछ । साथै कोटेशन, शिल्ड टेन्डर, माँग गर्दा मुनासिव म्याफिकको समय दिई आफूले चाहेको माल वस्तु प्रष्ट हुने गरी पत्र-पत्रिकामा सूचना प्रकाशित गर्नु पर्ने र प्राप्त कोटेशन टेण्डर मुताबिक माल वस्तु प्राप्त हुन नसकेमा सो वापत लिनु पर्ने हर्जाना आदि सम्पूर्ण कुराहरूको लिखित रूपमा तर्जुमा गर्नु पर्छ ।

यसै गरी कर्मचारी प्रशासनमा कामकाज गर्ने पदाधिकारी वा कर्मचारीको नियुक्ति, सरूवा बढुवा र बर्खास्तको काम कारवाई गर्दा बैंकको नियमावलीलाई ध्यान पुऱ्याई प्राकृतिक न्याय जस्तो कानूनी सिद्धान्तको समेत अवलम्बन गर्नु पर्छ । किनभने कुनै व्यक्तिको अधिकारको हनन् गर्दा प्रतिवाद गर्ने मौका सम्बन्धित व्यक्तिलाई दिनु आवश्यक हुन्छ । यस्तो किसिमको जानकारी दिने पत्र व्यवहार गर्दा सोधिएका वा जनाउ दिइएका कुरा र अभियोग लगाईएको भए अभियोगको आधारहरू प्रष्ट रूपमा उल्लेख गर्नु अनिवार्य हुन्छ ।

अन्त्यमा ऐन नियम वा प्राकृतिक न्याय जस्ता कानूनी सिद्धान्त विपरित काम कुरा हुन गएमा त्यसबाट मर्का पर्न जाने पक्ष न्याय पाउनको लागि पुनरावेदन, निवेदन आदिको माध्यमबाट अदालतको शरण पर्न जान्छ । र जुन पनि पर्छ, जसको नतिजा संस्था वा व्यक्तिको प्रतिष्ठामा आघात पर्न जाने मात्र नभई आर्थिक दन्ड समेत व्यहोर्नु पर्ने हुन्छ ।

मानिस एक सामाजिक प्राणी भएकोले आपनै स्वार्थ र विकासको लागि पनि कानूनको आवश्यकता पर्ने हुँदा जन्मदेखि मृत्यु सम्म कुनै न कुनै रूपमा उ कानूनले बाँधिएको हुन्छ । अतः आफ्नो व्यक्तिगत जीवन र कार्यालयको कामकाज गर्दा कानूनको मर्यादा र पालना, कर्मको हक अधिकारको हनन् नहुने गरी कानून बमोजिम आफ्नो अधिकार तथा कर्तव्य पुरा गर्नु हरेक कर्मचारीको परम कर्तव्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँसु

—अरुणा वैद्य

आँसु,
कसैको लागि कुनै नौलो चिज होइन,
कुनै नौलो उपहार होइन
सबैको लागि परिचित छ—
यो त केवल पानी।

आँसु,
दुःख-आपतमा अल्झिदा
तिता-मीठा कल्पनाहरूमा हराउँदा
अतितका रमाइला यादहरूमा फर्कंदा
आकाशका बादल जस्तै चुहिदिने गर्दछ।

आँसु,
तर, हो त अथाह समुद्रको पानी
अनि यसको राम्रो परिचय र जन्मवारे
बुझ्ने हो भने,
यसको गहिराइमा पुग्नुपर्छ,
थोपा—थोपा नियाल्नु पर्छ,
अनि यसको मूल्य, जीवन भन्दा महँगो छ,
हो, छोटो परिचय खोस्ने भए—
एउटा शान्त विशाल सागरमा
भयङ्कर आँधि आउँदा —
चट्टानहरूको कडा प्रहार पर्दा
वेदनाका छालहरू छटपटिदै उर्लन्छन्
असाध्य पिडा बोकेर अनि झर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँसु,
फेरि नयनको प्यालाभरि सजाइएका
मीठा – नमीठा कथाहरू
अकस्मात् हल्लाइदिदा
छचल्किएर पोखिदा
आश्रु खोज्दै वग्ने गर्दछ ।

आँसु,
तर यसको
धेरै–धेरै कथा छ, धेरै–धेरै व्यथा छ
माया– ममताको विशाल उदाहरण पनि छ
धेरै—धेरै खुशीहरू लुकेको हुन्छ
साथै,
सागरभरि तरङ्गिएका तरङ्गहरूको
संगीत पनि छ ।
अनि यसको रूझेको आत्माले सँधै
तिरष्कार र उपहास हैन करूणा
दुश्मनी हैन माया, झूठ हैन सत्य
अनि एउटा घमाइलो विहानी खोजेको हुन्छ ।

आँसु,
तर, यो नुनिलो पानी मात्र होइन,
दुःखमा अनि सुखमा वग्ने कुनै खोलो मात्र होइन
माया र करूणाको वर्षा मात्र होइन
समुद्रको गर्भभित्र रहने मोतिको
अनमोल दाना पनि हो,
अनि हो आँखावाट वग्ने आँसु ।

दमना को प्रत्येक अङ्क संग्रहनीय भएकोले
आजै ग्राहक बनेर वा किनेर आफ्नो
प्रति सुरक्षित गर्नुहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुला काजीको सपनाभित्र चियाउँदा

—प्रा. कृष्ण गौतम
त्रि-चन्द्र क्याम्पस

"बौलाहा काजीको सपना" (२००४) नाटकमा केन्द्रीय पात्र छ बीरे, वीर बहादुर। भारी बोकेर जोविका गर्ने 'भक्के' भन्ने भरियाको उ एक मात्र छोरो हो। मोटरले किचेर आमाको मृत्यु भए पछि रेखदेख गर्ने कोही नहुँदा वीरे पैसा आवारा गिरीको जीवन शुरू गर्छ र बाबुबाट पिटाइ खान्छ। बौलाहा काजीको प्रेरणा पाए पछि वीरे विद्यालयमा भर्ती गरिन्छ। माग्ने, गहनाउने जस्तो झन्ने वीरे विद्यालयमा अभियोजित हुन समय लिन्छ। पहिला पहिला उ कक्षाका अरू छात्रद्वारा जिस्क्याइन्छ, उसको बाहुला च्यातिन्छ, उ तानिन्छ, अत्याइन्छ, उ लज्जित हुन्छ, आत्तिन्छ, रून्छ, विद्यालय आवन्न भ-छ। केही वर्ष पछि त्यही वीरे पढाईमा वीर भएर निस्कन्छ। उ कक्षामा पहिलो हुन्छ। शिक्षकहरू उसदेखि प्रभावित हुन्छन्। साथीहरू पनि।

वीरेमा आलोचनात्मक बुद्धिको विकास हुन्छ, ऊ किताबी कीरो मात्र हुँदैन। उ राष्ट्रियमात्र त के अन्तर्राष्ट्रिय सन्दर्भमा कुरो गर्न सक्छ र निम्न वर्गबाट उठेको हुँदा सामाजिक राजनीतिक प्रश्नमा तीक्ष्ण छ। उसको लेखाइ गहन हुन्छ, प्रतिभा तीक्ष्ण। उसको प्रबन्धमा साथीहरुलाई गोर्किको प्रतिभाको झिलिकको आभास मिल्छ।

विद्यालयीय जीवन मै वीरेले जीवन सम्बन्धी स्वच्छ दृष्टिकोणको विकास गरेको छ। उ सतहीं हावा, क्रान्ति र आन्दोलनहरूमा अल्झदैन। यी हावा एवं क्रान्तिहरूको उ फेदमा पुग्छ र समाजलाई जरैदेखि बदल्नु पर्छ भन्ने विश्वास राख्छ। वीरेको विश्वास त्यो विश्वास हो जसमा समाज परिवर्तित हुनुपर्छ, भोका नाङ्गा, गरीवहरूको स्तर उठ्नु पर्छ, रूढि हटनु पर्छ, समाजको काया पलट हुनुपर्छ। वीरे त्यस्तो क्रान्तिमा अर्थ पाउँदैन जुन घटित भइसके पछि काला काले रहन्छन्, गोरा गोरै, अछूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अछूत नै । स्वतन्त्रता, समता, भ्रातृ भावका आदशहरू नाराको रूपमा नरहून्, क्रियात्मक तवरले समाजमा फलीभूत होऊन भन्ने चाहन्छ वीरे । वीरे समाजमा दुःखको अन्त देख्न चाहन्छ । तर दुःखको अन्त कागतमा कोर्दैमा, वा कुर्लदैमा हुन सक्तैन भन्ने बुझेको छ— वीरेले । फ्रान्सको राज्य-क्रान्ति, अमेरीकी स्वाधीनता-संग्राम— जुन महान् उद्देश्य लिएर स्यस्तो महान् उद्देश्यलाई विसिदिने हो भने ती क्रान्तिहरू अर्थहीन भएर जान्छन् भन्ने बीरेको खुलस्त विचार छ ।

तर धर्तीमा मुस्कुराएको सुकुमार फूल चाँड़ै सुकेर झर्छ । वीरे विरामी हुन्छ, ओछ्यान पर्छ । गरीवीका कारण, उ डाक्टरलाई देखाउन सक्तैन, वैद्यलाई देखाएर एक्काइस दिनें जरो काट्न सुतिरहेछ । छिडीको वास छ, बाहिर फोहोरै फोहर । पाल्ने, हुर्काउने, शुल्क तिरिदिने, गरीव वावुलाई आधा पेट खानु छ, यो सब देख्दा बीरेको मुटु चिरिन्छ, रोगमाथि रोग थपिन्छ । छाक टार्न र वैद्यको हातमा राखिदिन न वावुसित पैसा छ, न धितो राख्ने माल । अलिकति सट्टे खालको केही छ भने घूलोले सिगारिएको वीरेको कोट छ । वावुले तन्द्रामा त्यहि कोट औंल्याएको सुनेपछि वीरे कोट बेचिदिन वावुलाई कर गर्छ । व्यथाले गाल्दै ल्याए पछि वीरे निराश हुन्छ । वावुको, मानेदाईको, काजीको सपना चकनाचुर हुने भविष्यतिर उसको आँखा जान्छ । नभन्दै व्यथाले उसलाई चुस्छ, उ मर्छ ।

भन्सारको भारी वोकी ओहोर-दोहोर गर्ने भरिया भक्ते वहुत गरीव छ, प्रायः वोरा र नाम्लोका साथ देखिन्छ, छिडीमा वस्छ, उ छोरालाई भागेको निहुँमा पिट्न सक्तछ, मार्ग प्रदर्शन गर्न सक्तैन । वौलाहा काजीको प्रेरणा र सङ्गतवाट भक्तेको आँखा खुल्छ, छोरालाई विद्यालय पठाउँछ, शैक्षिक खर्च पर्च वेहोर्छ । छोराले राम्ररी पढ़ेको थाह पाएपछि उ प्रशन्न हुन्छ र यदाकदा विद्यालयको ढोका कुर्छ, छोराले गरेको प्रगतिको तपसिल शिक्षकवाट सुन्ने गर्छ ।

पूर्णाङ्क ११/०३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीरे औंछ्यान परे पछि भक्तेको पीर बढ्छ। भारी जीवी बेरामी कुर्नुपर्दा दैनिक आयबाट वञ्चित हुन्छ। भक्ते आधा पेट खाएर उठ्न थाल्छ ' डाक्टरलाई छोरा देखाउन सक्तैन, बैद्यलाई देखाउँछ, बैद्यको हातमा राखिदिने पैसा उसंसित हुँदैन, उसलाई छाक टार्न मुश्किल छ, धनमान माहिलासित लिनु पर्ने सानो हिसाब संझन्छ। धितो राख्ने माल सामानको बहीमा अर्थोक हुने जस्तो माल केही छैन, सिवाय वीरेको धूर्ल्मय-कोट।

भक्तेका साथ सधैं जस्तो हितैषी माने रहन्छ, छोरालाई पिट्दा माने भक्तेलाई संझाउँछ, वीरेलाई विद्यालय पठाउन प्रेरित गर्छ बेरामी पर्दा भक्तेलाई कुर्न भन्छ र आफू कमाएर सहयोग गर्ने वचन दिन्छ। बीरेको मृत्यु हुँदा भक्ते झैं माने पनि शोकाकुल हुन्छ।

नाटकमा विद्यालयका छात्रहरू र शिक्षकको पनि चित्र छ। लेखकको आफ्न विद्यालयको यो पुरातन सञ्चित अनुभवको सानो वही हुन सक्छ। विद्यालयका छात्रहरूमा कुनै छट्टु हुन्छन्, कुनै सुशील। भरत, बिक्रम र हरि उद्द्रत छन्, राम र बद्री भद्र। भरत छडी घुमाउँदै पिट्ने शिक्षकको नक्कल गरेर पहिलो दिन कक्षामा उपस्थित वीरेलाई तर्साउँछ, हरि उसको झुत्रे बाहुला झ्यातिदिन्छ, हात समातेर तानातानको दृश्य उपस्थित गर्छ, विक्रम उसलाई मुन्ट्याएर भरतका सामु पेश गर्छ, बीरेमा विवरण दिने वाक् फुट्तैन, लाज र शरमले कालो-नीलो भई हिवक हिवक गर्दै आखिर डाँको छाडी रुन्छ। अरू केटाहरू शिक्षकको नक्कल गर्ने भरतलाई सलाम बोल्छन् र खित्का छाडी हाँस्छन्।

राम बेलाबेला बोल्छ र वीरेमाथि त्यस्तो व्यवहार नगर्न भन्छ। कितावमा डुबिरहेको बद्री हरिको धक्का खाएपछि र वीरेमाथि अभद्र व्यवहार देखेपछि शिक्षकलाई उजुर गर्ने धम्की दिएर कक्षा बाहिर निस्कन्छ। विक्रम र भरतले बेलुकातिर बद्रीको शेखी झार्ने कुरो गर्छन्।

पछि बद्रि र राम वीरेका घनिष्ठ साथी हुन्छन्, वीरेको प्रतिभा देखेर प्रभावित हुन्छन्। बद्री आशावादी छ, निरन्तरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिवर्तनका साथ नयाँ प्रश्नहरू उठ्छन्, वादे-विवाद टुङ्गिदन-भन्ने उसको विचार छ। दुबै किशोर वीरे विरामी हुँदा भेट्न जान्छन्, वीरेको औषधीसम्म गर्ने नसक्ने दुःखद अवस्था देख्दा चद्री केही नोट वीरेको सिरान तलतिर राखिदिन्छ, बेच्न लगेको कोट भक्तेबाट फिर्ता ल्याउँछ, राम र चद्री दुबै वीरेलाई शुचिका लागि टेवा दिन्छन्, वीरेको मृत्युका चखत दुबैको उपस्थित छ, विद्यालयमा वीरेको अगल्ती देख्दा पनि हरिमा परिवर्तन आउँदैन, उ उस्तै टर्रो छ।

वीरेलाई अस्पाउने छात्रहरूलाई संझाउन् एक शिक्षक उपस्थित हुन्छन्। उनले शिक्षाका बारे केही राम्रा विचार प्रकट गरेका छन्। छात्रा ओढ़ेर प्रवेश गर्ने शिक्षक वीरेको प्रगतिको, वीरताको जानकारी भक्तेलाई दिन्छन्। संस्कृत-नेपालीमा अनुत्तीर्ण केटाकेटीहरूद्वारा घेरिएका अर्का शिक्षक (पण्डित) भक्तेलाई मैलो देखेर अँगाल्न उठाएका हात ओह्राल्छन्। उनी हेरेर हुने भए, पास गरिदिने आश्वासन दिएर केटाकेटीहरूलाई चित्त बुझाई पठाउँछन्।

नाटकमा बहुलाकाजीको स्थान निर्देशकको जस्तो छ। उ यस नाटकको सूत्रधार हो। उसको आदर्श मानवतावादी आदर्श हो। युगको संकुचित घेराबाट माथि उठेको हुँदा उ बौलाहा कहलाउँछ। सेवाभाव, निःस्वार्थता, परोपकार जस्ता आदर्शहरू लिएर उ हिंड्छ, दुनियाका संततिहरूलाई शिक्षाद्वारा फलाएर र फुलाएर समाजलाई युगको आवश्यकतानुसार बदल्न चाहन्छ। धर्तीलाई स्वर्ग पार्ने आशावाद उसको सपनामा सङ्केटिएको छ। दुनियाका छोरा-छोरी पढाएर डकर्मी, सिकर्मीहरूको उत्पादन गर्ने र ती द्वारा अन्याय, अत्याचार, गरीबी उखेली स्वर्गीय समाजको निर्माण गर्ने सपना देख्छ। काजी भन्छ—

"रोगले, किराले, फोहरले, मैलाले जहाँ जहाँ आक्रमण गरिरहेको छ, जहाँ जहाँ मानिसलाई सताएर दुःखले पिरोलीरहेछ, त्यतैबाट म घुम्दै, रल्लँदै, हल्लँदै आउँदै छु, बुझ्यौ! अब म मन्दिर, मन्दिर धाउन्न। आज एक जनालाई घाट लगिदिएँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्न लागेकी एउटी आइमाईलाई औषधी पियाइदिएँ, एउटा बच्चा-लाई अस्पतालमा पुऱ्याएर फर्के, तीनजनालाई स्कूलमा छोडि-दिएँ। काजी भन्छ—

काम नगरी कसैले कहिले क्यै न खानू
ईश्वरसित पनि हात फैलाएर क्यै न माग्नु
आमा-बाबुसित पनि आफूले क्यै नगरी क्यै न लिनू
भगवान्लाई कहिल्यै घूस खुवाएर पुकारा न गर्नू ।

काजी कर्मवादी छ, काम नगरी खान खोज्ने शोषकहरूको विरोधी छ, पसिनाको पूजक। भक्ते, मानेहरू पसिना चुहा-एर न्यायपूर्वक बाँच्छन्, यसैले काजी यिनको छिडीमा प्रवेश गर्न रूचि राख्छ।

सपनाको प्रतिमूर्ति वीरेको मृत्यु हुँदा, काजी निराश हुँदैन, झन् जोशिलो भएर कुर्लिछ, आफ्नो तरीकालाई अझ तीखार्न चाहन्छ र विशेष कुशलताका साथ त्यसको प्रयोग गर्ने विचार राख्दछ, के निष्कर्षमा आउँछ भने गरीबीलाई सहेर वस्नु नै अपराध हो। गरीबीका कारण भक्ते को छोरो मर्छ। गरीबी-लाई सहेर भक्ते छोराको ज्यानमारा हुन पुग्छ यसरी ज्यानमारा हुनुभन्दा वीरेर पनि पैसा जम्मा गर्नु, औषधी गर्नु बेश हो भन्ने विचार राख्दछ- काजी।

नेपाली समाजमा आधारभूत परिवर्तनका निम्ति लेखक शिक्षाको प्रचार प्रसार आवश्यक देख्छन्। समाजको आँखा शिक्षा हो र यो आँखा नउघ्रेसम्म नेपाली समाज अन्धो नै रहन्छ भन्ने धारणाले लेखक यस नाटकमा बौलाहा काजी र वीरे जस्ता पात्रहरू उभ्याउछन्। बौलाहा काजीमा लेखक आफैं प्रतिविम्बित छन् र उसको सपनामा लेखकको आफ्नो सपना छ। नेपालमा शिक्षाको जुन लहर आउँछ, त्यो उच्च वर्गमा मात्र सिमित र-हन्छ, धन उच्च वर्गको पेवा भए झैं शिक्षा उच्च वर्गको पेवा-को रूपमा रहन्छ। उच्च वर्गदेखि शिक्षालाई निम्न वर्गसम्म ओह्राल्न सकिएको खण्डमा नेपाली समाजको आधारभूत परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र्तन गर्ने जग वस्न थाल्छ । उच्च वर्गवाट गरीवमा–गुरुवाले पहिला शिक्षा खोसेर लिन सक्नु पर्छ, त्यसपछि मात्र धन खोसेर लिने प्रश्न आउँछ । गरीबलाई केही राम्रो उपदेश दिएर मात्र पुग्दैन उनका शाखा सन्ततिहरूमा शिक्षाको ज्योति दिनु पर्छ र उनको मुटु दह्रो पारिदिनु पर्छ । शिक्षा हासिल गरे पछि गरीव वर्गका छोरा छोरी आफैं आँखा देख्छन् र आफ्ना सिकर्मी डकर्मी आफै हुन्छन् । 'उचालेको कुकुरले मृग मार्दैन' (?) भने झैं दानवीर दयावीर, करूणावीर भएर गरीवमा केही दिने प्रवृत्ति ठीक होइन, शिक्षा प्रदान गरेर उनीहरूको आँखा खुलाइदिनु पहिलो आवश्यकता हो । यही आवश्यकता देखाउँदै प्रस्तुत नाटक लेखिएको छ ।

गरीव भए पछि मानिसमा आत्म विश्वासको अभाव हुन्छ । नेपाली गरीव आफ्नो निधारमा गरीवी लेखिएको ठान्छ र सहन्छ । धन जसरी उचित–अनुकुल वातावरणमा आर्जन गरिने चीज हो शिक्षा पनि उसैगरी आर्जन गरिने चीज हो । भक्तलाई यो बिश्वास छैन कि उ जस्ताका सन्ततिले पनि पढ्न सक्छन् । बोलाहा काजी भक्तमा आत्म–विश्वास जगाइदिन्छ र शिक्षा जन्मदेखि नै लिएर आइने कुरो होइन, आर्जन गरिने कुरो हो भन्ने उसलाई पढाई दिन्छ ।

वीरेको विमारी निधारमा लेखेर आएको कुरो थिएन, यो त आर्थिक दुःस्थितिको उपज थियो । सामाजिक, आर्थिक असमानताको विश्लेषण गर्न नसक्ने भक्ते वीर बहादुर सिरामी हुँदा "हाम्रो खप्परमा नै यस्तो लेखेको" (भन्छ २६ पत्र) । पुरानो रुखलाई सोझ्याउन सम्भव हुँदैन । काजीलाई यो थाह छ कि भक्ते माने जस्ता उमेरमा चढ्का व्यक्तिलाई शिक्षाको मलजल त्यति फलदायी हुँदैन जति वीरेजस्ता नयाँ विरुवालाई हुन्छ ।

काजीकै सम्पर्कले होला भक्ते त्यति भाग्यशाली देखिँदैन जति उ जस्तो व्यक्ति हुनुपर्थ्यो । भक्ते भन्दा माने मनुष्यता शक्तिमा बढी विश्वास देखाउँछ । परमात्माको हात, नारायण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्ग' वैकुण्ठवास— 'जस्ता मानेले बोलेका शब्दहरू भक्तले बोलेको छैन। वीरको मृत्यु हुँदा भक्त— मेरो घरमा आगो लागेको यो, मेरो खोटो खप्परमा डढ्ने लागेको यो" भन्छ। भक्तको यस्तो आलंकारी भाषामा भाग्यवाद पाइएला तर माने झैं उ प्रत्यक्ष छैन। चतुर्थ अंकको त्यहि एक अऊँमा मात्र भक्त खप्परमै त्यस्तो लेखेको कुरो बोल्छ। सारांश के हो भने, प्रस्तुत नाटक देखिनै लेखक एहलौकिक जीवन–बोधको ढाँचा झिक्छन्। मन्दिर मन्दिर नधाउने र पूजा, नैबेद्यार्पणहरूलाई ईश्वरका घूस भनी मानव–सेवामा आफूलाई केन्द्रित गर्ने काजी यस नाटकको लोकोन्मुख विचारको निष्कर्ष हो। स्वर्गको ठाउँमा धर्तीको, देवताको ठाउँमा मनुष्यको, आदर्शको ठाउँमा यथार्थको भाग्यवादको ठाउँमा कर्मवादको, अन्धविस्वासको ठाउँमा आत्म-विश्वासको, अन्यायको ठाउँमा न्यायको, अज्ञानको ठाऊँमा ज्ञानको (शिक्षाको); धनीको ठाउँमा गरीवको, बलियाको ठाउँमा निर्धा निमुखाको वकालत गर्ने प्रस्तुत कृति लेखकको २००४ साल तिरको जीवन दृष्टिको चित्र अगि सार्छ।

लेखकको शिक्षा-सम्बन्धी विचार के छ भने शिक्षा पाएको मानिस बदलिएको हुनुपर्छ। "पढ्नु भनेको मानिससित मानिसले कस्तो व्यवहार गर्नुपर्छ, त्यो जान्नु हो। शिक्षा प्राप्त गरी-कन पनि आचरण स्वच्छ छैन भने, त्यसले के शिक्षा पायो र भावात्मक पक्षमा परिवर्तनका साथ लेखक छात्रको क्रियात्मक अर्थात् आचरणको पक्षमा शिक्षाद्वारा अनुकूल परिवर्तनको आकांक्षा राख्छन्।

लेखकको यो सामाजिक कृति हो र निम्न वर्गकाप्रति सहानुभूतिका साथ लेखिएको नाटक हो। समको उच्चवर्गीय र रिमालको सभ्य-शहरिया जीवनलाई छोड़ेर यसमा गाउँतिरबाट शहरतिर पसेको निम्न वर्गीय भरिया र उसको छोराले प्रवेश पाउछन्। लेखक स्वयम शहरिया भएका हुँदा यहाँको भरिया सहरमैं बस्छ, काम गर्छ।

लेखक प्रारम्भतिर सामाजिक नाटक लेख्छ र त्यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोवैज्ञानिक नाटक ।

प्रस्तुत कृति त्यति सुक्ष्म छैन, जति पैरवर्ती नाटक एकाङ्कीहरू हुन्छन् । यसमा प्रतीकीकरणको, प्रतीकहरूको प्रयोग छैन । बीरेको कोट निकै राम्रो प्रतीक हुनसक्थ्यो तर प्रतीक स्तरमा त्यसको विकास हुन सकेन । वीरेको व्यक्तित्व स्वाभाविक छैन । लेखकले उसलाई गोर्कीको स्तरमा पुऱ्याएका छन् । फट्यांग्रालाई फलामको हलो बोकाउनु उचित होइन । काजीको सपना सपनाको रुपमा ठीक छ, विपनाको रुपमा आकाश-कुसुम जस्तो यसमा पाँच अक छन्, पाँच अङ्कले पाँच दृश्यको काम गर्छन् । शुरूमा "पहिलो अक" हुनु वेश छ, तर, भएको छ "पहिलो दृश्य" । भाषा सजिलो-सरल छ, ठाउँ ठाउँमा नाटकीय कुशलताको रोचकता झल्किएको छ । ❀

प्रतिनिधित्वको लागि आवेदन-पत्र

श्रीमान प्रधान सम्पादक ज्यू मिति २०३ । । ।

दमना पत्रिका

प्रधान कार्यालय, काठमाडौं ।

विषयः- मनोनयन/स्विकृति पत्र पाऊँ

उपरोक्त विषयमा मेरो लागि यस जिल्ला/अञ्चल/विकास-क्षेत्रको सम्वाददाताको आवश्यकता देखिएको छ /देखिएकोले यसका लागि म यस पत्रिकाको कुनै पनि बखतको नियम नीति पालन गरी तोकिदिएको कमिशन रेट/पारिश्रमिकबाट उक्त पदमा रही नियमितरुपले आवश्यक काम कर्तव्य र सेवा गर्न मेरो इच्छा र स्विकृति भएकोले नियमानुसारको मनोनयन-पत्र/स्विकृति-पत्र पाउँ भनि यो निवेदन पठाएको छु/ पेश गरेको छु ।

पूरा नाम, थर र ठेगाना (प्रष्ट बुझिने गरी)

... ... निवेदकको हस्ताक्षको सहीः-

... ...

(यसै पत्रलाई काटेर ४० पैसाको टिकट समेत खाममित्र राखी पठाउनु होला ।)

पूर्णाङ्क ११/०३८ दमना / २७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँसुको अर्घ दिन्छौं

आँसुको अर्घ दिन्छौं फूल भक्तिको चढ़ाउँछौं
ओजस्वी मूर्ति उनको मुटुले सदा अँगल्छौं
यो देश बचाइ राख्न पसिना रगत बगाउँछौं
नेता महेन्द्र तिम्रो मनको कुरा पुरचाउँछौं

— जनार्दन सम

श्रद्धाञ्जलि.....

स्वर्गीय हाम्रो कवि राजाप्रति, शाह वंशका भुक्तारा प्रति
सकिन्न मझी जति संझे पनि
श्रद्धाञ्जलि दिइ चित्त बुझाऔं
अरू के गरौं अमर आत्माप्रति, सरलस्नेहका मधूर काव्यप्रति
सकिन्न संझी जति संझेपनि
भावका दुई फूल चढाऔं।

— ध्रुवकृष्ण झंप

पूर्णाङ्क ११/०३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमी कस्तो मान्छे ?

ज्ञानपुञ्ज औ चेतन पुञ्ज स्वयम आफैं तिमी
उँच र निच, धर्म र पाप आफैं देख्ने तिमी
सत्या-सत्य शिव र सुन्दर आफैं जान्ने तिमी
निरर्थक दम्भले स्वयम फूल्ने तिमी
ज्ञानी अज्ञानी भैकन सर्वश्रेष्ठ मै हुँ भन्दै—
निर्धा-दुब्ला, दीनहीन आफ्नै वन्धुलाई
पाइतालाले किच्दै हिंड्ने तिमी कस्तो मान्छे ?
दानव हो की मान्छे ?

—केशव श्रेष्ठ
(ढुङ्गाअड्डा, काठमाडौं)

यथार्थ जीवनको....

यि उजाड भावना लिएर कहिलेसम्म पर्खने
रित्तिएको जीवन मेरो कसको लागि साँचिदिने
न ता विछोड़ न ता मिलन भ्रम नै रहेछ यथार्थता
तैपनि गरें कठोर तपस्या न ता जिन्दगी न ता मृत्यु
कति रातहरू त छट्पटाइमै विते, कति दिनहरू त सोचाइमै विते
सकिन किन पाउन अझै एकीन-सत्व र यथार्थ यो जीवनको ?

—जित बहादुर कार्की
(दोलखा)

मुक्तक

निरर्थक परिश्रम, असीमित इच्छा
बहुलट्टी मानव, अर्थहीन जीवन
फूल झैं यौवन हावासरी चाहना
काँड़ायुक्त चोट वर्षे आँसु संझना

—प्रतिमा ढकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो पनि हुन्छ

— अरुणकुमार औचार्य

म उसलाई भित्र हुल्न सक्तिन। म कठोर भएर मनलाई दह्रो पार्छु। मलाई आफ्नो नोकरो प्यारो लाग्छ। त्यो पानी पेटको निम्ति। तर त्यो बालकको अनुहार म आफ्नो आँखाले हेर्न सक्दिन। म आफ्नो टाउको अर्कैं घुमाउंछु तर त्यो अनुहार मेरो आँखावाट हट्न सक्दैन। मेरो निधारमा चिटचिट पसिना आउँछ। त्यो बालक नजिक आएर मेरो हात समात्छ। म पुलुक्क उसलाई हेर्छु।

बाबा·····! त्यो बचेराको कलिलो वाक्य फुट्छ।

बिक्की··· मैले भनिसकें- म भित्र जान सक्दिन! फर्केर घर जाऊ·····! म आफ्नो शब्दलाई कठोर पार्दै भन्छु।

तर त्यो बालक पुलुक्क मेरो अनुहार हेर्छ। त्यो एक टकले मेरो अनुहारलाई हेरिरहन्छ। अनि म अनुभव गर्छु— त्यो बालकको आँखावाट सैयौं सुइरा निस्केर मेरो शरीरमाप्रविष्ट हुन्छन्। म आफ्नो शरीरमा पीडाको आभास गर्छु। अनि मेरो मन रून खोज्छ। मेरो शरीर कांप्छ।

म उस्लाई माया गर्ने एक किसिमको आफ्नोपनवाट। तर बाध्यताहरू बाधीएका थिए। त्यो बालक जो आफ्नो एक हातमा किताव लिएर भित्रतिर जान खोजीरहेको थियो, सिर्फ एकको मिम्ति····· रीतु। तर त्यो गरीवलाई के थाहा त्यो सुनचाँदीले ढाकिएको जमीनमा उस्की कुनै··· ··· छैन भनेर। त्यो गरीवले सानो उपहार उस्को रीतुको जन्मदिनको उपलक्ष्यमा ल्याएको थियो। तर मेरो मालिकले पहिले मलाई चेतावनी दिएकाथिए कि- उस्लाइ नहुल्नु भनेर। ठुला ठुला मान्छेहरू

पूर्णाङ्क ११/०३८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउछन् फेरि त्यो आएर हाम्रो वदनाम गर्छ। भित्र आउन खोज्यो भने सडकमा फ्यालिदिनु रे। तर·····त्यो बच्ची आएर भन्छे बाबा····· बिक्को आयो भने मलाई बोलाउनु है। तर त्यो बच्चीलाई बाहिर निस्कन दिएनन्।

मलाई थाह छ– त्यो आँखा अहिले सम्म पनि ढोका निहारी रहेको उस्को कान कुनै आवाजको प्रतिक्षामा होला। मलाई थाह छ– त्यो बच्चोलाई भित्रको त्यो रमझमको कुनै महत्व छैन। शायद उदास अनुहार र सोचाइमा डुबेको होला। तर त्यो सानो बच्चोको उस्लाई के मतलव ! जन्म दिनको उत्सव उस्को तर उस्को मनमा खुशी थिएन।

म त्यो बालकलाई भित्र पठाउन चाहन्न पछिको दुर्दशा सोचेर ! किनकि मपनि गरीव थिएँ मलाई थाहा थियो– गरीवको आँखामा धनीको अस्तित्व छ।

अनि म बिक्किलाई सम्झाउन खोज्छु····· राम्रो बच्चा जिद्दि गर्दैनन्। रितु··· भित्र छे। तर बाहिर आउन दिंदैनन्। त्यसकारण फर्केर जाऊ। सक्छौ भने उसंग मिल्ने कोशिस नगर।

तर बाबा··· म फर्केर गएँ भने रितु रिसाउँछे···। बाबा म त्यहाँ धेरैबेर बस्दिन। यो मात्र दिएर फर्किन्छु। म जाउँ बाबा ? त्यो बालक किताब देखाएर भन्छ।

तिमी मलाई माया गर्छौ हैन बिक्कि ? माया गर्छौ भने, जिद्दि नगर। फेरि तिमीलाई पठाएर मलाई निकाल्दे भन नि अनि मेरो पनि तिमी जस्तै दुई छोरा छन्।

किन··· बाबा म भित्र जान नहुने ? मलाई पनि त रितुले डाकेको हो नि बाबा···। उसको बुबाले नडाकेर के भयो··· जन्मदिन उस्को हैन। फेरि म त्यहाँ धेरैबेर बस्दिन। आमाले चाँडे आउनु भन्नुभएको छ।

म आफ्नु मनलाई थाम्न सक्दिन अनि म उसलाई छातिमा लगाउँछु। अनि एक विद्रोहीको भावना मनमा उब्जिन्छ। म उस्लाई छाड़ेर भित्र लम्किन्छु। तर शायद त्यो रमझमको अन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइसकेको थियो बोल्ने एका मानिसहरूको ढोकाबाट हुल निस्किन्छ । अनि म आफू अगाडी बढ्न सकिदन । म ढोकामा उभिन पुग्छु । एकएक गरेर मोटरहरू निस्कन्छन् । अनि त्यो बालक र म एकटक लाएर त्यो निस्केको मोटरलाई र त्यहाँभित्र उज्जने छिल्लीएका हाँसो सुन्न पुग्छौं ।

शायद विक्किलाई देखेर होला ढोका सम्म आएकी रितु चिच्याउँछे····· विक्कि··· ! उसका पाइला दौड़ेर अगाडि बढ्छन् । उ एक्कासी त्यो बालकलाई अंगालोमा बाँधिएर रून पुग्छे ।

विक्कि··· तिमी किन भित्र नआएकी ? म कुरिरहेको थिएँ··· । तर मलाई बाहिर आउन दिएनन् ।

अनि त्यो बालक पुलुक्क मलाई हेर्छ शायद दोश्र मलाई दिन होला । म टाउको नहुराउन पुग्छु । मेरो मस्तिष्कमा धर कुराहरू खेल्न थाल्छन् । एक्कासी रितु चिच्याएर रून्छ । म टाउको उठाउँछु । मेरो मालिक रितुलाई तान्द भित्र लैजाद थिए । अनि रितु छटपटाएर हात खुट्टा फ्याल्द थिइ ।

मालिकले पहिलो पटक हाला भरी नामल मलाई सम्बोधन गरेको । मलाई ढोका लाउन अडर दिन्छन् । म आफनो सिथिल पाइला बढाएर ढोका बन्द गर्छु । त्यो बालक एकनाशले मलाई हेरिरहेको हुन्छ । उस्का आँखामा आँसु भरिएर खस्न गइ रहेको हुन्छ । अनि म उस्लाई हेर्न सक्दिन म फर्किन्छु ।

बाबा····· यो रितुलाई दिनु है··· । किताब मलाई दिँदै निरास मोहोडामा फर्किन्छ त्यो बालक ।

म त्यो किताब लिएर एकटकले त्यो निरास बालकलाई हेरीरहन्छु जबसम्म उ आँखाबाट अध्यारोमा हराउँदैन ।

अनि म फर्किन्छु । तर मेरो आँखा झ्यालमा पुग्छ । त्यो झ्यालबाट रितु मलाई हरिरहेकी हुन्छे । उस्को अनुहार बिकृत हुन्छ । शायद आफ्नो रुवाइ रोक्न खोज्दा होला ।

म एकटक लाएर हेरिरहन्छु । त्यो पहिलेका कुरा याद आउँछ ।

त्यो वेला कस्तो थियो जब उस्को बुबा त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिएनन। ती दुई आफ्नो दुनियामा डुबिरहन्थे। एक अर्कोमा हराउँथे। कमलो प्रेमको अकुर लिएर। मनौं आर्को दुनियामा थिए। अनि मकहाँ आउँथे रीतु भन्थी "म विक्किसग विहे गर्छु है बाबा" तर त्यहि वाक्य तीनका बीच अवरोध खडा हुन्छ भनेर के थाहा थियो। ठूला भए एक अर्कोमा डुब्दै गए। तर त्यो धनीको समाजलाई मन परेन। आखिर आएर तिरस्कृत भएर रहनु पऱ्यो।

म रीतुको कोठामा पुग्छु। विस्तारै ढोका खोल्छु। रीतु ओछ्यानमा घाप्टो परेर राइरहेको हुन्छे। म उस्लाई बोलाउँछु रीतु··· ! उ मलाई देखेर झन बेस्करी रुन्छे।

बाबा····· ! उ फरि अब··· आउदन। विक्कि··· रिसाउँछ। बाबा अब उ··· आउदैन। रादनको आवाजमा उ भन्न पुग्छे।

म उस्लाई केही भन्न सक्दिन। म हात बढ़ाएर त्यो किताव उस्को सिरानीमा राखिदिन्छु। अनि उ आत्तेर त्यो किताबलाई चुम्न पुग्छे शायद दशां पटक। अनि त्यहाँ शायद विक्किको प्रतिविम्ब देखेर होली एक्लै कुरा गछ

विक्कि····· तिमी गरीव हुनु तिम्रो अभिसाप हैन···। म धनी हुनु मेरो अभिसाप हो···। अनि मपट्टि फेकेर भन्छ— ··· बाबा··· म यो धनको गाह्रोभित्र थुनिएर बाँच्न सक्दिन, ··· मलाई त्यही विक्किको साना घर आवश्यक छ। बाबा··· मलाई बचाउनु होस्·····।

म आफ्नो आँखालाई अरू रोक्न सक्दिन। आँशु खस्छन्। जस्लाई म बालक सम्झन्थें ति ठूला भएका मलाई भान हुन्छ। अनि म एउटा कठोर निश्चय गर्छु·····। म फरक्क फर्केर बाहिर मालिकको कोठातिर बढ्छु। मलाई थाह छ— मालिक मेरो कुरा काट्न सक्दैनन् भनेर। मेरो कानमा रीतुको शब्दको आवाज आइरहन्छ। आइरहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय पत्रकार !

— अविरल

म हुँ एक नेपाली पत्रकार
मले 'म' शैली ग्रहण गरी, गर्छु धेरैको उपकार
बुझ्यौ म हुँ पत्रकार
जन्मदा थर गोत्र थिएन, आज कतिको अस्तित्व रहेन
तापनि कसले भन्छ— यो पत्रकार भएन ?
शैल-महिमाको प्रत्यक्ष अनुभूति साकार गर्दै नीतनूतन
जन्मदैछौं पत्रकार अझ गर्द आफ्नो बेकारीको उपचार
मेरो शैली मेरो विचार गर्छन् एक भइ स्विकार–
मेरा भाइ भार्या ।
हामी सब हौं पत्रकार. संख्या हाम्रो नीत दिन बढ्ने
पत्रिका छ हाम्रो दिनदिन लुक्ने
च्याउँछ कहिले बादलबाट गर्दै सबजनको उद्धार
हामी सब हौं पत्रकार, भोट खसाल्छौं सब परिवार
गरी आ–आफ्नो उद्धार बनि बनाइ पत्रकार
यो हो हाम्रो जन्मसिद्ध अधिकार हामी कति छौं चेतनशील
यसको परिचायक हो— यो सम्मेलन्
उत्थान पतनको इतिहास– उठा पटकमा अविरत्
क्षण क्षणमा परिवर्तित वाद विवादमा लिप्त
अस्थिर मति र चपल गतिले मुष्टामुष्टीमा लिन
हाम्रो जागरूकताको प्रमाण के अझै पाउनु भएन ?
पर्खनुस त ! हेर्नुस यस चुनावमा पनि
विगत इतिहासको अभिवृद्धि—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही भोट गए खेर तर दोष हाम्रो होइन
यो दोष हो त्यो पाजी लेखनीको
मौकैमा चिप्ल्यो, किन चिप्ल्यो त्यो ?
सायद धेरै लेख्ने वानि भएर कोठाभन्दा वाहिर चिप्ल्यो
धेरै होइन मात्र ६० गोटा, के धेर भयो र ?

(२३ कात्तिक, ०३५ पुल्चोक क्याम्पस)

दमना को सूचना

दमना प्रकाशनार्थ पठाइने कुनैपनि रचना सामग्री यथासक्य फूलस्केप साइजमा ४ पेज भन्दा वढी नहुनु पर्नेछ र एकापटिमात्र प्रष्ट र सफा बुझिने अक्षरमा लेखिएको हुनुपर्नेछ। आफूले प्रकाशनार्थ पठाएको मितिले सामान्यतः ३ पटकसम्म अप्रकाशित भएमा सो रचना अस्विकृत भएको ठान्नुपर्नेछ र त्यस्तो अस्विकृत रचना कुनैपनि हालतमा फिर्ता नहुने भएकोले सोको जानकारी चाहनेले ४० पैसाको हु. टि. साथमा राखि पूरा ठेगाना लेखि-पठाएमा स्विकृत भए नभएको सूचना हुलाकवाट पठाइनेछ।

दमनाले साहित्यिक विद्याभित्रका कुनैपनि स्तरपूर्ण रचनाहरूका अतिरिक्त उच्च शिक्षाका पाठ्यांशहरूसित मेल खाने खालका विविध नेपाली भाषाका रचना सामग्रीहरूलाई पनि निर्वाध स्विकार गरी छाप्नेछ।

"**नारी संसार**" हाम्रो नयाँ थप स्तम्भ हो— नारी जगतको सम्मानको खातिर। यस स्तम्भमा आफ्नो कुनैपनि प्रकारको स्तरपूर्ण रचना प्रकाशन गर्न चाहनेले माथिका नियमहरू पुगेको र आफ्नो वायोडाटा समेत रहेको रचना पठाएमा अवश्य छापिने छन्।

"**आगामी अङ्क**" को लागि २०२८।१०।२६ सम्ममा हामीले पाइ सक्ने गरी पठाउनु पर्नेछ।

— सम्पादक

पूर्णाङ्क ११/०३८ दमना / ३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालः संसार

(यो हाम्रो स्थायी स्तम्भ हो। यस्तै रोचक र शिक्षाप्रद बाल कथाहरू पठाइ नियमित रूपमा हामीलाई सहयोग गर्नु होस् -सं)

मुर्ख केटो र पहेंली गेडी

— शाम्बराज पाण्डेय

उहिले गोर्खाको "सातदोबाटे" भन्ने गाऊँमा यौटा १५ वर्षको चकचके केटा रहेछ जो सधैं बदमासी गर्दै हिंडदोरहेछ। एक दिन उ जङ्गतिर अल्लारिंदै हिंडिरहेको बेलामा यौटा झ्याङ्मा पहेंला पहेंला गेडाहरू फलेका भेट्टाएछ। त्यै पहेंली गेडी यौटा मुखमा के हालेथ्यो घाँटीमा अड्काएछ। सास फेर्न अप्ठ्यारो भएपछि नजिकैको कामी दाइको आरानमा गइ गेडी झिक्न भनेछ। कामी दाइले पनि "फुट्यो भने मलाई गाली गर्लाउ सक्दिनै" भनेछ। तर केटाले "फुटे यै फुट्छ तिमी फुट-दैनौ म फुट्दिन झिकिदेउ" भनेपछि सणेसो लगेर के समातेको थियो पिच्च फुटेछ। केटो उत्लु त छँदै थियो। हत्तरपत्त कामी दाइ कै सणेसो समातेर हिड्छ। कामी दाइ जिल्लाराम···

उता त्यो केटो सणेसो बोकेर जाँदै थियो, बाटोमा अर्को कामी दाइकै आरानमा पुगेछ। त्यहाँ कामी दाइ सणेसो बेगर नै तामाको आरी बनाइरहेका रहेछन्। तर तताएर घनै घन द्वारा झिकेर पिट्न पनि गारै भएको रहेछ त्यो बेखेर केटाले भनेछ "कामी दाइ मसंग सणेसो छ, त्यसले काम गर्दा तपाईलाई सजिलो होला।" भनेर सणेसो कामीलाई दियो। तर कामीले "तिम्रो यो सणेसो भाँच्चियो भने के बुझाउने" भनेछ। फेरि केटाले भनेछ, "आ ऽऽऽ कामीदाई भाँच्चिए यै भाँचिन्छ तपाई भाँचिनुहुन्न म भाँचिन्न।" कामीले पनि के खोज्छस् कानो आँखो भने झैं, सणेसोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तानेर दे दनादन गदै ताना ठड्याउन लागेछ। आरी पनि वनि-सक्यो त्यहीबेलामा सणेसो पनि चिटिक्क भाँच्चिएछ। कामीदाइले क्यै भन्न नपाउँदै वनीसकेको आरी लिएर केटोले भन्यो:– कि त मेरो पहेंली गेडी लेउ, कि त मेरो सणेसो लेउ. हैन भने यो तामे आरी मेरो हुन्छ। बस के थियो त्यो केटोले तामे आरी लियो र वाटो तताइहाल्यो। जाँदा जाँदा वाटोमा रात परेछ। यौटा घरमा गइ वास वस्यो। असार महिनाको याम विहानपख भित्र अगेनामा च्वाई च्वाई को आवाजले विउँझियो। भित्र गई हेर्छ त घर बुढी सिन्नौटैमा पिठो फाउँदै सेल पकाउन लागेकी थिइन् पानी वेसरि नहान्नी सेल नहुने। पानी हाले पिठो वग्ने समस्या ठूलो परेको देखेर त्यो केटाले आरी दिदै भन्यो, "आमै तपाईलाई ठूलो समस्या परेको रहेछ। यो आरिमा हाली राम्रोसंग पिठो फाई रोटी पकाउनुस।" बुढीले भनिन् "नयाँ आरी रहेछ अगेनाको छेउमा राखदा विग्रियो नासियो भने के गर्ने नि"— भन्दा केटाले भनेछ 'आ ऽ ऽ ऽ आमै ! विग्रे यै आरी विग्रन्छ तपाई विग्रीनु हुन्न म विग्रिन्न' भनेपछि बुढीले आरीमा पिठो हालिछ र अगेनाको डीलमा राखी रोटी पकाउन् थालिछन् तर सत्यानाश १२ वटा रोटी पकाउने वित्तिकै आरी आगोको रापले पल्लेछ केटोका पानी त्यै वाह्र रोटी वोकी फेरी भनेछ "कि त मेरो पहेंली गेडी, कि त मेरा सणसो, कि त मेरो तामे आरी, कि त मेरा १२ रोटी।' वस रोटो लियो केटो ठूलाँवाट छारतोस ठोक्यो।

त्यसपछि त्यो केटो जाँदा जाँदा मध्यान्नमा यौटा ठूलो चौरको विचमा रहेको ठूलो चोतारामा धेरै गोठालाहरू वसेका रहेछन् त्यहाँ पुग्यो। एकछिन वसेपछि खाना खाने परेछ भनी, त्यै १२ रोटो निकाल्यो र खान के लागेथ्यो सवै गोठालाहरुल हेरोरहेको पायो। मनमा के सोच्यो कुन्नो, सबैलाई खाजा खान निम्त्यायो। गोठालाहरूले भने हामीसंग क्यै छैन, के दिने नि ? कुपु-कुपु खाने, डकारी दिने नि भन्दै सवैलाई रोटी वाँढ्न थाल्यो र सबैले रोटी खाए। जव हिंडाईको थकाई र भोकाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेटेथ्यो एका एक मजिकै पाउर काडीराखेको ठुलो वोका समातेर चिच्याउँदै भन्यो— "कि त मेरो पहेंली गेंडी ..... कि त वाँध्या वोका मेरो" भनेर वंका घिच्याई खरू खरू आफ्नो वाटो लाग्यो । जाँदा जाँदा करीव ४,४.३० वजे तिर यौटा खेतमा गाउँदै वजाउँदै रमाई गरिरहेका देखेछ । त्यहीं रमाइलो हेर्न पुग्यो। एकातिर हलि-वाउसे र रोपारहरूलाई भोज खुवाउन ताउला भरी भात दाल पकाई रहेकः रहेछन् तर तरकारी भने क्यै नभएको देखेपछि खेत मालिकसंग गएर भन्यो तपाईको यत्रो रमाइलो रोपाईमा तर्कारी क्यै रहेनछ, लौ मसंग वोका छ, काटि खाऊँ म पनि यसनाई कहाँ कहाँ घिच्याई हिड्ने ? मालिकले भन्यो— खान ता मजै हुन्थ्यो तर तपाईको वोका मरिहाल्छ तपाईलाई के दिने नि ? मनग दिने क्यै छैन ! केटाले भन्यो आऽऽऽतपाई मर्नुहुन्न म मर्दिन । वोका हो जेले भएपनि । खेत मालिकले पनि लौत वोका काट भनेर अह्रायो । रोपाई सकियो खाना खाए । सांझ परिसकेकोले गाउँ उकालो लागी त्यं घरमा वास पनि वस्यो । विहान उठेपछि यसो हेर्छ त त्यहाँ यौटी निकै राम्री तरुनी केटी कमारि वसेकी रहिछ र त्यस्को नाम सोध्दा त "पिंगुली" भनीछ । एक्कासी मालिक कहाँ गएर भनेछ— कि त मेरो वोका फिर्ता गर, नत्र भने यै पिंगुलीलाई लगें। कि त मेरो पहेंली गेडी..... कि त पिंगुली मेरो कमारो । मालिक पनि पुलिस आदिको डर देखाएकोले लैजाओस वरू भनेर चुप लागेछ । केटा पनि कमारी लाई लिएर आफ्नो वाटो तताया । जाँदा जाँदा वाटोमा यौटी बुढी हिराको हार लगाएकोले आफै घान लगाउने, आफै घुमाउने गरी काठे कोलवाट तिल पेलिरहेकी रहिछ । त्यो देख्दा केटालाई दया लागेछ र बुढा छेउ गएर भनेछ, बुढ़ी आमै तपाईले यस्तो दुःख गर्नु भएछ, धन्दा नमान्नोस् मेरो यो पिंगुलीले कोल घुमाइदिन्छे तपाई घान मात्र लगाएर तिल पेल्नोस् भन्यो । बुढ़ी पनि मन मनै खुशी हुँदै भनि "अँ वावु ! कुरा त राम्रै हो तर कोल घुमाउँदा घुमाउँदै रिङटा लागेर मरी भने, के

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझाउने नि" बुढीको कुरा सुन्ने वित्तिकै केटोले पिंगुलीलाई कोल घुमाउने आदेश दियो र बुढीलाई भन्यो "मरे यै मर्छे तपाई मर्नुहुन्न म मर्दिन । तर दुर्भाग्य आठ दश फन्को कोल के घुमाइथी पिंगुली मुर्च्छा परि, केटाले पनि पिंगुली मरेको सम्झी हत्तरपत्त बुढीको गर्धनको हार वाघले झम्टे झैं गरि झम्टेर लियो र कि त मेरो पहेंली गेडी····· कि त मेरो हिराको हार भन्दै त्यहाँवाट टाप ठोक्यो ।

जाँदा जाँदा यौटा घरमा कात्तिके नाँच (पाउदुरे-कुम्हाल जातका मानिसहरूले कात्तिक महिनामा नाच्ने नाच) नाचिर-हेको समयमा पुग्यो । मानिसहरू मादल वजाउँदै उफ्रँदै गरिरहेका थिए । मुख्य नर्तकी मारूनीको गला खाली नं थियो । यो देखि केटाले नाइकेलाई भन्यो— यस्तो राम्रो नाच्ने मारूनीको गलामा माला पनि छैन, ल लगाईद्यौ हिराको माला मसंग छ भनी, हिराको हार झिकेर दियो । नाईकेले मन मनै खुशी हुँदै नकारात्मक स्वरमा भन्यो अँ राम्रो त हुने थियो तर चुँडिएर हरायो भने, के तिर्ने नि ? केटोले फूर्तिसग मारूनीको गलामा हार लगाइदियो र नाच हेर्न थाल्यो । तर एक छिनमा नै गायव भएको चाल पनि पायो । केटो फेरि झम्टेर एकजनाको मादल खोसेर कि त मेरो पहेली गेडो····· कि त मेरो पुङमाङ भन्दै आफ्नो वाटो तताियो ।

भोली पल्ट विहान आधा भन्दा वढि काटेर छोड्केको-नदिको किनारमा उभिएको रूखमाथि मस्तसंग मादल वजाएर गित गाउने धुनमा फटाफट चढी टुप्पामा पुग्यो र हल्लँदै मादल वजाउँदै पहेंली गेडी देखि मादलसम्म पाएको गीत गाउन थाल्यो तर आदिभन्दा वढी काटेको रूख भने भाँच्चिने सुर गर कच्याक कच्याक गर्न लाग्यो । केटो भने, घिन्ताङ घिन्ताङ गर्न लाग्यो आखिर रूख नदीको छालमा लड्यो । केटोको धरै बेर सम्म पत्ता लाग्न सकेन । पढ्नेलाई सुनको माला लेख्नेलाई फूलको माला यो कथा वैकुण्ठ जाला ।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज सरकारको

शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसूफ सरकारको
दीर्घायु, सुस्वास्थ्य तथा सबल नेतृत्वको
कामना गर्दछौं।,

राष्ट्रिय वाणिज्य बैंक

श्री ५ महाराजाधिराज सरकारको

शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसुफ सरकारको
दीर्घायु, सुस्वास्थ्य तथा सबल नेतृत्वको
कामना गर्दछौं।

खानेपानी तथा ढल निकास समिति–परिवार

श्री ५ महाराजाधिराज सरकारको
३७ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसुफ सरकारको
दीर्घायु, सुस्वास्थ्य तथा सबल नेतृत्वको कामना गर्दछौं।

जनकपुर चुरोट कारखाना लिमिटेड परिवार

श्री ५ महाराजाधिराज सरकारको
३७ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसुफ सरकारको
दीर्घायु, सुस्वास्थ्य तथा सबल नेतृत्वको कानना गर्दछौं।

हेटौंडा कपडा उद्योग लिमिटेड परिवार

काठमाडौं– १५–६२८ हेटौंडा– ३६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर बिक्रम शाह देव सरकारको

३७ औं शुभ-जन्मोत्सवको मङ्गलमय उपलक्ष्यमा मौसुफका
जुनाफमा दीर्घायु, आरोग्य तथा सुसमृद्धिको अनन्त
शुभकामना भक्तिपूर्वक चढाउँदछौं ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड- सानोठिमी

श्री ५ महाराजाधिराज

वीरेन्द्र वीर बिक्रम शाह देव सरकारको

३७ औं शुभ-जन्मोत्सवको शुभोपलक्ष्यमा मौसुफ सरकारमा
सुस्वास्थ्य, ऐश्वर्य, दीर्घायु तथा अविरल शुयश बृद्धिका
लागि परमेश्वरमा हार्दिक प्रार्थना गर्दछौं ।

नेशनल ट्रेडिङ्ग लिमिटेड- केन्द्रिय कार्यालय

टेकु, काठमाडौं, फोन नं. ११६६२, १२६२४, १२६२५

श्री ५ महाराजाधिराज सरकारको

३७ औं शुभ-जन्मोत्सवको सुखद एवं मङ्गलमय उपलक्ष्यमा
मौसुफको सुस्वास्थ्य, दीर्घायु एवं सबल नेतृत्वको
लागि हार्दिक शुभकामना चढाउँदछौं ।

अरुण इम्पोरियम परिवार

हमना चन्दा दर

एक प्रतिको २/- एक वर्षको ८/- दुई वर्षको १५/-
३ वर्षको २२/- आजीवन सदस्य ३००/- सरक्षक १०००/-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वि. स. २०३८ माघ मसान्तसम्मको ३ महिने टेबिल क्यालेण्डर

आ.	सो.	मं	बु.	बि.	शु.	श.	आ.	सो.	म	बु	वि.	शु.	श.
※	※	※	※	○	२	□	४	५	६	७	८	९	□
११	१२	१३	१४	१५	१६	□	१८	१९	२०	२१	२२	२३	□
२५	२५	२६	२७	२८	○	□	३	४	५	६	□	८	□
१०	११	१२	१३	१४	१५	□	१७	१८	१९	२०	२१	२२	□
२४	२५	२६	२७	२८	२९	□	○	२	३	४	५	६	□
८	९	१०	११	१२	१३	□	१५	१६	१७	१८	१९	२०	□
२२	२३	२४	२५	२६	२७	□	२९	३०	३१	※	※	※	※

○ संक्रान्ति सङ्केत

□ सार्वजनिक बिदाको संकेत

श्री ५ महाराजाधिराज सरकारको

३७ औं शुभजन्मोत्सव को मङ्गलमय अवसरमा

नेपाल राष्ट्र बैंक परिवार

भक्तिपूर्वक मासुफ सरकारको जुनाफमा

स्वास्थ्य एवं दीर्घायुको कामना गर्दछ ।

नेपाल राष्ट्र बैंक परिवार

समाः प्रिन्टिङ्ग प्रेस, गणबहाल काठमाडौंबाट मुद्रण गरी प्रकाशन गर्ने सम्पादक -उद्धव ढुंगेडी, विशालनगर, काठमाडौं पत्र व्यवहार- पो. ब. न. ३०१८ जि० पि० ओ० काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu